# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २६७ | काठमाडौं | सोमबार, १२ माघ २०८२ | Prabhab National Daily | Monday, 26 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# 'फेक रेस्क्यु'मा संलग्न छ जना सिआइबीको नियन्त्रणमा

## पर्यटक उद्धारको बहानामा साढे दुई अर्बभन्दा बढी ठगी


प्रतीकात्मक तस्बिर

■ प्रभाव संवाददाता

**काठमाडौं–** हिमालमा हेलिकप्टर उड्दा धेरैले राहतको सास फेर्छन् । त्यो आवाज संकटको अन्त्य, जीवनको सुरक्षा र उद्धारको प्रतीक ठानिन्छ । तर, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गरेको अनुसन्धानबाट गम्भीर वास्तविकता उजागर भएको छ । त्यो हो- नेपालका हिमाली पदमार्गमा वर्षौंदेखि उडिरहेका कयौं हेलिकप्टर उद्धारका लागि होइन, योजनाबद्ध ठगीका लागि प्रयोग हुँदै आएका थिए ।

सिआइबीले आइतबार सार्वजनिक गरेको विवरणअनुसार हिमाली क्षेत्रमा आउने विदेशी पर्यटकलाई लक्षित गर्दै नक्कली उद्धार (फेक रेस्क्यु) भएको खुलेको छ । उद्धारका नाममा करिब दुई अर्ब ६० करोड रूपैयाँभन्दा बढी ठगी भएको छ । यो ठगी कुनै एक-दुई घटनामा सीमित नभई ट्रेकिङ, ट्राभल, हेलिकप्टर सेवा र अस्पतालसम्म जोडिएको संगठित आपराधिक संरचनामार्फत भएको सिआइबीको निष्कर्ष छ ।

सिआइबीका अनुसार माउण्टेन रेस्क्यु सर्भिसेस प्रालि, नेपाल चार्टर सर्भिसेस प्रालि र एभरेस्ट एक्सपिरेन्स एण्ड एसिस्टेन्स प्रालिले मिलेमतोमा विदेशी पर्यटकलाई अनावश्यक र नक्कली उद्धार देखाएर बिमा कम्पनीबाट अर्बौं रकम असुलेको पाइएको सिआइबी प्रमुख डा. मनोजकुमार केसी बताउँछन् । यसमै संलग्न देखिएपछि ती तीनवटा कम्पनीबाट जयराम रिमाल, विवेक पाण्डे, रवीन्द्र अधिकारी, विवेकराज थपलिया, मुक्ति पाण्डे र सुवास केसीलाई पक्राउ गरिएको बताए ।


क्रमशः पृष्ठ २ मा


### यसरी हुन्थ्यो नक्कली उद्धार

सिआइबीको दाबीमा सबैभन्दा पहिले विदेशबाटै बिमा गरिएका पर्यटकको छनोट गरिन्थ्यो । त्यसपछि उनीहरूलाई ट्रेकिङका लागि उच्च हिमाली क्षेत्रमा पठाइन्थ्यो । उचाइमा अक्सिजन कम हुँदा देखिने सामान्य शारीरिक प्रतिक्रियालाई गम्भीर रोग लेक लागेको भनिन्थयो ।

सामान्य सावधानी र उपचार अपनाउनुको साटो पर्यटकलाई डर देखाइन्थ्यो र हेलिकप्टर माग गर्न बाध्य पारिन्थ्यो । त्यसपछि निश्चित अस्पतालमा पुर्‍याएर उपचार गरेको भन्दै स्वास्थ्य रिपोर्ट तयार पारिन्थ्यो ।


क्रमशः पृष्ठ २ मा


# राष्ट्रिय सभामा कांग्रेस बन्यो पहिलो शक्ति, नेकपा दोस्रोमा खुम्चियो

■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रिय सभामा १८ नयाँ सदस्य निर्वाचित भएका छन् । आइतबार सातवटै प्रदेशमा भएको निर्वाचनबाट उनीहरू निर्वाचित भएका हुन् । निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) नेपालको गठबन्धनले क्लिनस्वीप गरेको छ ।

आइतबार कोशी प्रदेशबाट एमालेकी रोशनी मेचे र सोमनाथ पोर्तेल निर्वाचित भएका छन् । त्यहाँ कांग्रेसका सुनिलबहादुर थापा यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् । मधेस प्रदेशबाट एमालेकी रेखाकुमारी झा, कांग्रेसका धर्मेन्द्र पासवान र रञ्जित कर्ण तथा जसपा नेपालको तर्फबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का महन्थ ठाकुर निर्वाचित भएका छन् । जसपा र लोसपाबीच एकीकरण भएपछि ठाकुर उम्मेदवार बनेका थिए ।

बागमती प्रदेशबाट कांग्रेसकी गीता देवकोटा र एमालेका प्रेमप्रसाद दंगाल निर्वाचित भए । एमालेकी सम्झना देवकोटा र कांग्रेसका जगत तिमिल्सिना गण्डकी प्रदेशबाट राष्ट्रिय सभा सदस्य निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ ।

लुम्बिनीबाट कांग्रेसका वासुदेव घिमिरे र चन्द्रबहादुर केसी तथा कर्णालीबाट एमालेकी मीनासिंह रखाल र कांग्रेसका ललितजंग शाही निर्वाचित भएका छन् । सुदूरपश्चिम प्रदेशबाट एमालेकी लिलाकुमारी भण्डारी र कांग्रेसका खम्मबहादुर खाती राष्ट्रिय सभा सदस्य बनेका छन् । विपक्षमा एक्लै चुनावी मैदानमा उत्रिएको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सबै उम्मेदवार पराजित भए ।

### कांग्रेस बन्यो पहिलो शक्ति

आइतबार सम्पन्न निर्वाचनको परिणामले राष्ट्रिय सभाको शक्ति सन्तुलन बदलेको छ । निर्वाचनबाट कांग्रेस दोस्रो शक्तिबाट पहिलो भएको छ । राष्ट्रिय सभामा पहिलो रहेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) दोस्रोमा झरेको छ । नेकपाले आठ सिट गुमाउँदा दोस्रोमा खुम्चिनुपरेको हो । नेकपा एमाले भने तेस्रो नै कायम भएको छ । आइतबार १९ मध्ये १८ सदस्यका लागि निर्वाचन भएकोमा कांग्रेस, एमाले र जसपाको गठबन्धनले एकलौटी जित निकाल्यो ।

कांग्रेसले नौ, एमालेले आठ र जसपाले एक सिट जितेको हो । यससँगै कांग्रेस २५ सिटसहित राष्ट्रिय सभामा पहिलो दल बनेको छ । कांग्रेसको कुनै सदस्यको पदावधि सकिन लागेको छैन र कांग्रेसले जति जित्यो, सबै थपिएको हो ।

एमालेका १० मध्ये आठ जनाको पदावधि सकिएको थियो । इन्दिरादेवी गौतम, गोपाल भट्टराई, तुलसाकुमारी दाहाल, देवेन्द्र दाहाल, भगवती न्यौपाने, विमला घिमिरे, शारदादेवी भट्ट र सुमित्रा बिसीको पदावधि सकिन लागेको छ । तर, आइतबार भएको निर्वाचनबाट एमालेले आठवटै सिटमा जितेको छ । यससँगै एमालेले आफ्नो १० सिट जोगाएको छ ।

तर, तत्कालीन माओवादी केन्द्रका १७ र एकीकृत समाजवादीका आठसहित दुई दल एकीकरणपछि बनेको नेकपाको कूल सांसद २५ रहेका थिए । त्यसमध्ये पदावधि सकिएका आठ जना नै नेकपाले गुमाएको हो ।


क्रमशः पृष्ठ २ मा



राष्ट्रिय सभा सदस्य निर्वाचनअन्तर्गत कोशी प्रदेशबाट विजयी भएका नेपाली कांग्रेसका सुनिलबहादुर थापा (बीचमा), नेकपा एमालेका रोशनी मेचे र सोमनाथ पोर्तेल । *तस्बिरः रासस*

### कहाँबाट को-को निर्वाचित भए ?

| | |
|---|---|
| **कोशी** | - रोशनी मेचे र सोमनाथ पोर्तेल (एमाले)<br>सुनिलबहादुर थापा (कांग्रेस) |
| **मधेस** | - रेखाकुमारी झा (एमाले)<br>धर्मेन्द्र पासवान र रञ्जित कर्ण (कांग्रेस)<br>महन्थ ठाकुर (जसपा) |
| **बागमती** | - गीता देवकोटा (कांग्रेस)<br>प्रेमप्रसाद दंगाल (एमाले) |
| **गण्डकी** | - सम्झना देवकोटा (एमाले)<br>जगत तिमिल्सिना (कांग्रेस) |
| **लुम्बिनी** | - वासुदेव घिमिरे (कांग्रेस)<br>चन्द्रबहादुर केसी (एमाले) |
| **कर्णाली** | - मीनासिंह रखाल (एमाले)<br>ललितजंग शाही (कांग्रेस) |
| **सुदूरपश्चिम** | - लिलाकुमारी भण्डारी (एमाले)<br>खम्मबहादुर खाती (कांग्रेस) |

### राष्ट्रिय सभामा दलीय उपस्थिति

| राजनीतिक दल | सांसद संख्या |
|---|---|
| नेपाली कांग्रेस | २५ |
| नेपाली कम्युनिस्ट पार्टी (नेकपा) | १७ |
| नेकपा एमाले | १० |
| जनता समाजवादी पार्टी, नेपाल | २ |
| लोकतान्त्रिक समाजवादी पार्टी | १ |
| राष्ट्रिय जनमोर्चा | १ |
| मनोनीत | ३ |

### नवनिर्वाचित सदस्य नयाँदेखि अनुभवी

निर्वाचित १८ मध्ये चार जना सांसद महन्थ ठाकुर, रामकुमारी झाँक्री, सुनिलबहादुर थापा र ललितजंग शाही तल्लो सदन भनिने प्रतिनिधिसभाको अनुभव बोकेर माथिल्लो सदनमा उक्लिएका अनुहार हुन् ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

# साउदी अरबसँग पहिलोपटक श्रम सम्झौता

## द्विपक्षीय श्रम सम्झौता भएका मुलुक १३ पुग्यो


■ ममता थापा

**काठमाडौं–** नेपालले साउदी अरबसँग पहिलोपटक श्रम सम्झौता गरेको छ । आइतबार साँझ साउदीको राजधानी रियादमा आयोजित एक विशेष समारोहबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

नेपालीहरूको प्रमुख रोजगार गन्तव्यमध्येको एक साउदीसँग लामो प्रयासपछि श्रम सम्झौतामा हस्ताक्षर भएको हो । योसँगै नेपालसँग द्विपक्षीय श्रम सम्झौता गर्ने मुलुकको संख्या १३ पुगेको छ ।

साउदी अरबसँग भएको सम्झौतामा नेपालको तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी र साउदीका समकक्षी अहमद विन सुलेमान अल-राजहीले हस्ताक्षर गरेका श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जानकारी दिए । सम्झौताका लागि नेपालबाट श्रममन्त्री भण्डारी, प्रवक्ता घिमिरे र सहसचिव प्रविण कोइरालासहितको टोली आइतबार साउदी पुगेको थियो ।

पहिलो श्रम सम्झौता भएकाले श्रमिकको हक हित र दुई देशबीचको श्रम कूटनीतिका आधारभूत विषयहरू समावेश रहेको मन्त्रालयले जनाएको छ । श्रमिकको



भर्ना प्रक्रियाको पारदर्शिता, श्रमिकको पारिश्रमिक सुनिश्चितता, इजाजतप्राप्त संस्थाले लिने चर्को शुल्क नियन्त्रण, श्रमिकका समस्या समाधानलगायतका विषयमा सम्झौता केन्द्रित भएको जनाइएको छ ।

मन्त्रालयका अनुसार अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) र अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)को ऐनअनुसार श्रम सम्झौता भएको छ । साउदीसँग २०६५ सालमा तत्कालीन श्रममन्त्री लेखराज भट्ट र श्रम राज्यमन्त्री मोहम्मद अफ्ताव आलमले श्रम सम्झौताका लागि पहिलोपटक छलफल गरेका थिए । त्यसपछि नेपालपक्षको मागपछि साउदीले २०६८ सालमा नेपालमा आफ्नो दूतावास खोले पनि श्रम सम्झौताका लागि चासो देखाएको थिएन ।

विगतदेखि नै साउदी नेपालीहरूको प्रमुख रोजगार गन्तव्य बन्दै आएको छ । त्यहाँ हाल चार लाख नेपाली श्रमिक कार्यरत रहेको बताइन्छ । प्रत्येक वर्ष एक लाखभन्दा बढी कामदार जाँदै आएको अवस्थामा श्रम सम्झौताको प्रस्तावलाई साउदीले बेवास्ता गर्दै आएको थियो । सन् २०३४ को फिफा विश्वकप फुटबल आयोजना गर्ने तयारी गरिरहेको अवस्थामा बन्दै गरेका पूर्वाधारमा ठूलो संख्यामा कामदार आवश्यक र अन्तरर्ाष्ट्रियस्तरमासमेत श्रमिकको अधिकार हनन भएको भन्दै प्रश्नहरू उठिरहेको अवस्थामा सम्झौताको बाटो खुलेको हो ।


क्रमशः पृष्ठ २ मा


### प्रस्तावित मुलुकले देखाउँदैनन् चासो

प्रत्येक वर्ष नेपालीहरू विश्वका १५० भन्दा बढी मुलुकमा रोजगारीका लागि पुग्ने गरेका वैदेशिक रोजगार विभागको तथ्यांक छ । कुनै पनि मुलुकमा पाँच हजारभन्दा बढी कामदार गएको अवस्थामा उनीहरूको श्रम अधिकारको रक्षाका लागि श्रम सम्झौता गर्नु उपयुक्त मानिन्छ । तर सम्झौता भएका मुलुकको संख्या भने न्यून छ ।

सरकारले श्रमिकका लागि तुलनात्मकरूपमा राम्रो काम गर्ने वतावरण भएका र बढी कमाइ हुने गन्तव्यहरूलाई पहिचान गरी १५ वटा मुलुकलाई द्विपक्षीय श्रम सम्झौताको प्रस्ताव गरेको छ । जसमा बोस्नीया र हर्जगोभिना, अल्बानिया, क्रोएसिया, लक्जम्बर्ग, माल्टा, साइप्रस, पोल्याण्ड, पोर्चुगल, सर्बिया, बेल्जियम, अस्ट्रिया, मोन्टेनेग्रो ब्रुनई, माल्दिभ्स र टर्की रहेका छन् ।


क्रमशः पृष्ठ २ मा


# निर्वाचन आचारसंहिता उल्लंघन गर्दै दल

## निर्वाचन आयोग भन्छ- फागुन ४ अघि दलहरूले सभा गर्न पाइँदैन, दलहरू भने धमाधम पार्टी प्यालेसमा आमसभा आयोजना गर्दै

- सर्लाही-४ बाट उम्मेदवार रहेका कांग्रेस सभापति गगन थापाले शनिबार काठमाडौंको नयाँ बानेश्वरमा रहेको आनन्दभूमि ब्यांक्वेटमा मतदातासँग अन्तरक्रिया गरे
- एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रत्येक नेता कार्यकर्ताको नाम सम्बोधन गर्दै मतदातासँग आफ्नो दलको उम्मेदवारलाई जिताउन आग्रह गरेको कार्ड सामाजिक सञ्जालमा सार्वजनिक
- निर्वाचन आयोग दलका नेताहरूको निर्वाचन आचारसंहिता विपरीत गतिविधि नियन्त्रणमा निरीह

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनका लागि फागुन ४ गतेबाट मात्र प्रचार गर्न पाउनेगरी आचारसंहिता जारी गरेको छ । निर्वाचन आचारसंहिताको परिच्छेद-४ मा 'राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ संगठनहरूले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धी व्यवस्था छ ।

जसमा 'उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसारसम्बन्धी' काम गर्न पाउने व्यवस्था छ ।

आचारसंहिताले फागुन ४ अघि दलहरूलाई जुलुस, आमसभा वा कोणसभा गर्न गर्न रोक लगाएको छ । त्यसैगरी सञ्चारमाध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न रोक लगाएको छ । त्यसैगरी निर्वाचन प्रचारका लागि घरदैलो कार्यक्रम गर्न रोक लगाइएको छ ।


क्रमशः पृष्ठ २ मा


### 'राष्ट्रिय झण्डा १० वटामात्र प्रयोग गर्नू'

गृह मन्त्रालयले चुनावी प्रचारमा १० वटामात्र झण्डा प्रयोग गर्न आग्रह गरेको छ । निर्वाचन आचारसंहिता, २०८२ को परिच्छेद ४, दफा १३ को खण्ड (न)मा दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍याली गर्दा बढीमा १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्नबाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन नहुने व्यवस्था गरिएको छ ।

'प्रस्तुत व्यवस्था उल्लंघन गरेमा कानुनी कारबाही हुने प्रावधान रहेको छ । त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा १५१ मा नेपालको राष्ट्रिय झण्डाको अपमान गर्न वा सार्वजनिक नैतिकता,


क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## राष्ट्रिय...

नेकपाबाट गोपीबहादुर सार्की अछामी, गंगाकुमारी बेल्वासे, जगप्रसाद शर्मा, तारामान स्वाँर, नारायणकाजी श्रेष्ठ, मायाप्रसाद शर्मा, राधेश्याम पासवान र बेदुराम भुसालको पदावधि सकिएको थियो।

यस्तै, तत्कालीन जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टीबाट पदावधि सकिएका एक/एक जना थिए। उनीहरू हुन्- मृगेन्द्रकुमार सिंह र शेखरकुमार सिंह। यी दुई जनाको रिक्त हुने सिटमा महन्थ ठाकुर निर्वाचित भएका हुन्।

■■■

## नवनिर्वाचित...

८३ वर्षीय महन्थ राजनीतिक जीवनको उत्तरार्द्धमा राष्ट्रिय सभामा पुगे। दशकौं लामो संसदीय यात्रापछि प्रतिनिधिसभाबाट राष्ट्रिय सभातर्फ सरेका ठाकुरको उपस्थितिले राष्ट्रिय सभाको गरिमा बढाउने ठानिएको छ।

झाँक्री भने फरक पृष्ठभूमिबाट आएकी नेता हुन्। विद्यार्थी राजनीतिबाट उदायकी झाँक्री प्रतिनिधिसभा निर्वाचनमा पराजयपछि राष्ट्रिय सभामार्फत पुनः संसदीय राजनीतिमा फर्किएकी छन्। ललितजंग शाही संविधान निर्माण प्रक्रियामा सहभागी अनुभवी नेता हुन्। संविधानसभा सदस्य रहँदै उनले २०७२ को संविधान निर्माणमा भूमिका निर्वाह गरेका थिए।

यसपटकको निर्वाचनबाट सीमान्तकृत र अल्पसंख्यक समुदायको प्रतिनिधित्व पनि भएको छ। कोशी प्रदेशबाट निर्वाचित रोशनी मेचे उनको समुदायबाट राष्ट्रिय सभामा पुग्ने पहिलो अनुहार हो। मेचे समुदायका मुद्दा अब संघीय संसद्को माथिल्लो सदनमा औपचारिकरूपमा उठ्ने बाटो खुलेको छ। समाजशास्त्र र कानुन अध्ययन गरेकी रोशनी तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सचिवालयमा रहेर काम गरेकी थिइन्।

यता मधेस प्रदेशबाट दलित अधिकारकर्मी धमेन्द्र पासवान, अल्पसंख्यक कोटाबाट रञ्जित कर्ण र महिलातर्फ एमालेकी रेखा झा निर्वाचित भएका छन्। दलित, महिला र अल्पसंख्यक समुदायको उपस्थिति यसपटकको राष्ट्रिय सभामा तुलनात्मक रूपमा बलियो देखिएको छ।

यसबाहेक निर्वाचित युवा सांसदहरूका कारण राष्ट्रिय सभालाई अब 'ज्येष्ठहरूको सभा' भन्ने धारणा तोडिने देखिएको छ। चुनावबाट सोम पोर्तेलजस्ता युवा प्रतिनिधि राष्ट्रिय सभा आएका छन्। कोशी प्रदेशबाट दलित क्लस्टरअन्तर्गत निर्वाचित पोर्तेल युवाको आवाजलाई राष्ट्रिय सभामा पुऱ्याउने बताउँछन्। स्थानीय तहदेखि जिल्ला समन्वय समिति प्रमुखसम्मको अनुभव बटुलेका पोर्तेल राष्ट्रिय सभामा युवा र दलित दुवैको मुद्दा जोड्ने सेतु बन्ने दाबी गर्छन्।

'मसँग स्थानीय तहहुँदै जिल्ला समन्वय समिति हाँकेको अनुभव छ। त्यो अनुभवसँगकै देशमा वर्षौंदेखि हेपिएका दलित समुदायको आवाज राष्ट्रिय सभामा बन्छु,' उनले प्रभावसँग भने।

राष्ट्रिय सभामा बागमती प्रदेशबाट निर्वाचित डा. प्रेम दंगाल किसान आन्दोलन र खाद्य सम्प्रभुताका मुद्दामा परिचित नाम हुन्। कांग्रेसकी गीता देवकोटा मौरीपालक किसानको मुद्दाबाट राष्ट्रिय राजनीतिमा उक्लिएकी हुन्। गण्डकी प्रदेशबाट निर्वाचित जगत तिमिल्सिना विश्वविद्यालयमा अध्यापन गर्दै आएका प्राध्यापक हुन्। पढाउँदा पढाउँदै सांसद निर्वाचित तिमिल्सिनाले ज्ञान र नीति निर्माणबीचको दूरी घटाउने अपेक्षा गरिएको छ। नवनिर्वाचित सांसदहरूको कार्यकाल आगामी २१ फागुनदेखि सुरु हुने छ।

■■■

## फेक रेस्क्यु...

उनका अनुसार रिमाल माउण्टेन रेस्क्यु सर्भिसेसका सञ्चालक हुन्। नेपाल चार्टर सर्भिसेसका सञ्चालक अधिकारी र अपरेटर म्यानेजर थपलिया हुन्। पाण्डे र केसी एभरेस्ट एक्सपिरेन्स एण्ड एसिस्टेन्सका सञ्चालक तथा म्यानेजर हुन्।

उनीहरू संलग्न नक्कली उद्धारकाण्ड अहिलेमात्र सतहमा आएको भने होइन। २०७४ सालमै हिमाली उद्धारको नाममा अनियमितता भइरहेको विषय सार्वजनिक भइसकेको थियो। ट्राभल एसेस्ट नामक संस्थाले त्यतिबेला नै रेस्क्युका नाममा करिब ३५ प्रतिशत उडान नक्कली वा अनावश्यक भएको दाबी गरेको थियो।

त्यसपछि झन् गम्भीर आरोपहरू सार्वजनिक भए। जस्तो, पदयात्रीको खानामा मिसावट गरेर कृत्रिम रूपमा बिरामी बनाइने, डर देखाएर हेलिकप्टर उद्धार गराइने र उद्धारपछि कमिसन बाँडफाँट गरिने। यस्तो विवरण सार्वजनिक भएपछि पर्यटन मन्त्रालयले छानबिन समिति बनाएको थियो। समितिले २०७५ भदौमै प्रतिवेदन बुझाएर थप अनुसन्धानका लागि प्रहरीलाई सिफारिस गऱ्यो तर त्यहीँबाट यो प्रकरण सात वर्षसम्म थन्कियो।

यो प्रकरण तब ब्युँतियो, जब गत पुस १ र १२ मा नक्कली उद्धार गर्ने कम्पनीविरुद्ध सिआइबीमा पुनः उजुरी पऱ्यो। सिआइबी प्रमुख डा. केसीले आइतबार पत्रकार सम्मेलनमा भने, 'उजुरीमा ट्रेकिङ तथा ट्राभल कम्पनी, हेलिकप्टर रेस्क्यु कम्पनी, अस्पताल र पर्यटक गाइडको अवैध मिलेमतोमा विदेशी पर्यटकलाई लक्षित गरी नक्कली उद्धार गरिएको दाबी गरिएको थियो।'

सिआइबीले सार्वजनिक गरेको विवरणअनुसार माउण्टेन रेस्क्यु सर्भिसेस प्रालिको एक हजार २४८ उद्धारमध्ये १७१ शंकास्पद छ। नेपाल चार्टर सर्भिसेस प्रालिको ४७१ उद्धारमध्ये ७५ र एभरेस्ट एक्सपिरेन्स एण्ड एसिस्टेन्स प्रालिको ६०१ उद्धारमध्ये ७१ शंकास्पद छन्।

■■■

## यसरी हुन्थ्यो ...

अझ गम्भीर कुरा के भने उच्च हिमालबाट तल झरेपछि अवस्था सामान्य हुने पदयात्रीलाई समेत जबरजस्ती अस्पताल लगेर 'फेक रिपोर्ट' बनाइएको सिआइबीको दाबी छ।

सिआइबी प्रमुख डा. मनोजकुमार केसी भन्छन्, 'डर देखाउने, हेलिकप्टर माग गर्न लगाउने र जबरजस्ती अस्पताल लगेर नक्कली कागजात बनाइएको खुलेको छ। यसमा अस्पताल, हेलिकप्टर कम्पनी र पाइलटसम्म संलग्न देखिन्छन्।'

सिआइबीको अनुसन्धानमा झनै चकित पार्ने तथ्य पनि खुलेको छ। त्यो हो- नियमित वा चार्टर फ्लाइटमार्फत काठमाडौं ल्याइएका पर्यटकलाई समेत 'रेस्क्यु' भनेर नक्कली कागजात तयार गर्ने।

एउटै चार्टर फ्लाइटमा आएका धेरै पर्यटकलाई फरक-फरक स्थान र फरक-फरक समयमा उद्धार गरिएको देखाएर बिमा दाबी गरिएको प्रमाण पनि भेटिएको बताइएको छ। रेस्क्यु समय तालिका र 'प्यासेञ्जर म्यानिफेस्ट'सम्म नक्कली बनाइएको सिआइबीको दाबी छ।

पक्राउ परेकाहरूमाथि राष्ट्र हितविरुद्धको कसुर, आपराधिक लाभ, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अनुसन्धान थालेको सिआइबीले जानकारी दिएको छ।

■■■

## साउदी अरबसँग...

साउदीले आगामी १० वर्षसम्म ठूलो संख्यामा नेपाली कामदार लग्ने बताउँदै आएको छ। सरकारी विवरणअनुसार त्यहाँ ६० प्रतिशतभन्दा बढी नेपाली अदक्ष श्रमिकका रूपमा कार्यरत छन्। उनीहरू निर्माण, सफाइ, प्याकेजिङ, लोडिङ, ढुवानीजस्ता काममा जाने गरेका छन्। यसबाहेक सवारी चालक, मेसिन अपरेटर, सेल्स तथा उत्पादन क्षेत्रमा बढी कामदार जाँदै आएका छन्।

■■■

## प्रस्तावित...

प्रस्ताव गरिएका अधिकांश मुलुक युरोपका छन्। पछिल्लो समय हङकङले भने सम्झौताका लागि चासो देखाएको श्रम मन्त्रालयका अधिकारीहरू बताउँछन्।

हालसम्म कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन, मलेसिया, जापान, मरिसस, युएई, इजरायल, बेलायत, रोमानिया र जर्मनीसँग नेपालले सम्झौता गरेको छ। जसमध्ये मलेसिया, कतार, दक्षिण कोरियालगायतका मुलुकसँगको श्रम सम्झौता नवीकरण गर्नुपर्ने अवस्थामा छ। सरकारले कुवेतसँग छिट्टै श्रम सम्झौता गर्ने र इजरायलसँगको सम्झौतामा दुई वटा प्रोटोकल थपेर नवीकरण गर्ने तयारी गरिरहेको छ।

■■■

## निर्वाचन...

तर उम्मेदवारहरूले भने आयोगको आचारसंहिता उल्लंघन गर्नेगरी काठमाडौंका पार्टी प्यालेसहरूमा धमाधम मतदाता बोलाउँदै सभा सम्मेलन गर्न थालेका छन्। शनिबार धेरैजसो दलका उम्मेदवारले काठमाडौंमा रहेका आफ्ना मतदाता रिझाउन काठमाडौंका पार्टी प्यालेसहरूमा सम्पर्क समितिको नाममा यसरी आमसभा नै आयोजना गरे।

सर्लाही-४ बाट उम्मेदवार रहेका कांग्रेस सभापति गगन थापाले शनिबारमात्र काठमाडौंको नयाँ बानेश्वरमा रहेको आनन्दभूमि ब्यांक्वेटमा मतदातासँग अन्तरक्रिया गरे। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट झापा-५ मा उम्मेदवार रहेका पूर्वमेयर बालेन्द्र (बालेन) शाहले ललितपुरको ज्वागललाई मुकाम बनाएर नेतादेखि कार्यकर्तासँग भेट गरिरहेका छन्। अरु दलका नेता कार्यकर्ताले पनि आचारसंहिता ख्याल नगरी काठमाडौंका पार्टी प्यालेस र ब्यांक्वेटमा परिचयात्मक कार्यक्रम भन्दै प्रचारमुखी कार्यक्रमहरू गर्न थालेका छन्।

एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रत्येक नेता कार्यकर्ताको नाम सम्बोधन गर्दै मतदातासँग आफ्नो दलका उम्मेदवारलाई जिताउन आग्रह गरेको कार्ड सामाजिक सञ्जालमा सेयर भएको पाइन्छ। शुक्रबार नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल यस्तै कार्यक्रममा सहभागी बनेका थिए। कांग्रेसले माघ १६ गते जनकपुरमा तय गरेको आमसभा भने स्थगित गरेर फागुन ७ गतेका लागि तय गरेको कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए।

निर्वाचन आयोग दलका नेताहरूको यस्तो गतिविधि निरीह बनेर टुलुटुलु हेरिरहेको देखिन्छ। यद्यपि, आयोगले निर्वाचन आचारसंहिता, २०८२ प्रतिकूलका यस्ता गतिविधि निर्वाचनको दिन नजिकिँदै गर्दा अझ बढ्न सक्ने स्थिति देखापरेको भन्दै सचेत रहन भने आग्रह गरेको छ।

उम्मेदवारी दर्ता गर्न जाँदा २५ जनाभन्दा बढी सहभागी हुन नहुने र तडकभडक गर्न नहुने निर्वाचन आचारसंहितालाई समेत धेरैजसो राजनीतिक दल र उम्मेदवारले उल्लंघन गरेको पाइएको छ। प्रचारप्रसारकै क्रममा दल र उम्मेदवारको झण्डा र ब्यानरसँगै बालबालिकाको प्रयोग भएका तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा सम्प्रेषण भएको देख्न सकिन्छ। मनोनयपत्र दर्ताकै क्रममा बहालवाला मुख्यमन्त्री उम्मेदवारसँगै निर्वाचन अधिकृतको कार्यालयमा सहभागी भएको विषयमा निर्वाचन आयोगले स्पष्टीकरण नै सोधेको थियो। यसबीचमा कतिपय दल र उम्मेदवारले आफ्नो प्रचारका क्रममा राष्ट्रिय झण्डाको प्रयोगसमेत गरेका छन्।

आयोगले भने आचारसंहिता पालना र सामाजिक सञ्जालमार्फत भ्रम फैलाउने गरी हुने प्रचारप्रसारको सूक्ष्म निगरानी भइरहेको दाबी गरेको छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले यस्तो दाबी गरेका हुन्। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार हानिकारक सूचनाअन्तर्गत पर्ने गलत, भ्रामक सूचना र गाली गलौजयुक्त अभिव्यक्तिले निर्वाचनको स्वच्छता र निष्पक्षतामा नकारात्मक असर पार्ने भएकाले त्यस्ता सूचनालाई नियन्त्रण तथा नियमनका लागि पहल भइरहेको छ। यसका लागि नियामक निकायसँग समन्वय र सहजीकरण गर्न आयोगले स्थापना गरेको सूचना सदाचार प्रवर्द्धन एकाइ पूर्णरूपमा क्रियाशील रहेको भट्टराईले जानकारी दिए।

उक्त एकाइको कार्यदक्षता बढाउन संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा 'इ-मनिटरिङ प्लस' सफ्टवेयर प्रणाली प्रयोगमा ल्याइएको छ भने सो प्रणाली प्रयोगका लागि कर्मचारीको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ। आयोगले निर्वाचन आचारसंहिता, २०८२ प्रतिकूलका यस्ता गतिविधि निर्वाचनको दिन नजिकिँदै गर्दा अझ बढ्न सक्ने स्थिति देखापरेको भन्दै सचेत रहन सबैलाई आग्रहसमेत गरेको छ।

आयोगका साथै निर्वाचनमा डिजिटल माध्यम निगरानी गर्न नेपाल प्रहरीको साइबर ब्युरोलाई प्रभावकारीरूपमा परिचालन गर्न गृह मन्त्रालयले पत्राचार गरेको छ। डिजिटल प्लेटफर्मको दुरूपयोग गरी अफवाह फैलिन नदिन संयन्त्र परिचालनका लागि गृह मन्त्रालयले सचेत गर्दै आएको छ। गृहमन्त्री ओमप्रकाश अर्याललेसमेत आइतबार भोटाहिटीस्थित साइबर ब्युरोको कार्यालयमा पुगेर यस विषयमा अनुमगमन र निर्देशन दिएका छन्।

उनले सामाजिक सञ्जालबाट भ्रम फैलाउनेविरुद्ध कारबाही गर्न आदेश कुर्नु नपर्ने बताएका छन्। ब्युरोमा कार्यरत प्रहरी कर्मचारीलाई कानुनविपरीत गतिविधि गर्ने जोसुकैलाई कारबाहीको दायरामा ल्याउन उच्च अधिकारी वा निकायको आदेशको प्रतीक्षा गर्नु नपर्ने गृहमन्त्रीले बताए।

■■■

## राष्ट्रिय झण्डा...

शिष्टाचार वा सदाचारको दृष्टिकोणले प्रयोग गर्न नहुने ठाउँ वा अवस्थामा नेपालको राष्ट्रिय झण्डा प्रयोग गर्न नहुने व्यवस्था रहेको र सो को उल्लंघन भएमा सजायको व्यवस्था समेत गरिएको छ,' गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

त्यसैगरी प्रमुख जिल्ला अधिकारीलाई आफ्नो क्षेत्रभित्र यस कार्यविधिबमोजिम राष्ट्रिय झण्डाको प्रयोग भए/नभएको सम्बन्धमा नियमितरूपमा अनुगमन गर्ने प्रावधान छ। मन्त्रालयले भनेको छ, 'राष्ट्रिय झण्डाको अपमान हुने किसिमको कुनै पनि कार्य गर्न वा गराउन, राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्नेगरी) राख्न, राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फच्याँक्न, कुनै सामान पोको पार्न, व्यापारिक प्रयोजनका लागि विज्ञापनको उद्देश्यले राष्ट्रिय झण्डाको दुरूपयोग गर्न, व्यक्तिले आफ्नो शरीरमा राष्ट्रिय झण्डाको प्रतीक टाँस्दा, छाप्दा वा लगाउँदा कम्मरभन्दा माथिको भागबाहेक अन्यत्र लगाउन वा यसरी प्रयोग गर्दा चन्द्रमा तल पर्नेगरी लगाउन, शरीरको छातीभन्दा तलको भागमा लगाइने कुनै पनि भित्री/बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक/चित्र राख्न, फहराउने प्रकृतिको (राष्ट्रिय झण्डा ओहालेर राख्दाबाहेक) कार्यमाबाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग गर्न निषेध गरिएको छ।'

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/२३ मा दर्ता भएको **प्रा. लि. नं. १७७९०१/०७४/०७५** को **भुमिराज बिल्डर्स प्रा. लि.** को मिति २०८२/१०/११ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः रमेश हरि अधिकारी, इजाजत पत्र नं. ५४७,**
**ठेगानाः का.म.न.पा.-३२, काठमाडौं**

### स्वास्थ्य संस्था संचालक संघ नेपाल

**टोखा नपा.-७, काठमाडौं**

**साधारण सभा सम्बन्धी १५ दिने सूचना**

यस संघको मितिः २०८२/१०/११ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संघको साघारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण सदस्य महानुभावहरूलाई अनिवार्य उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८२/१०/२८ गते
समय : बिहान ११ बजे
स्थान : संघको कार्यालय, बसुन्धरा, काठमाडौं

**महासचिव**
**रघुनाथ पनेरु**

**युएइमा रोजगार** कम्पनी : LANDMARK RETAIL INVESTMENT CO. L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०२/१७ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१०/११ LT. No. 305461 चलानी नं. ६०२२०३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales/Assistant/Ordinary Worker/Cleaner | 30 | 30 | 1230 | ४९,१८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १३ गते (27th Jan. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIONS INTERNATIONAL NEPAL PVT. LTD.
Chappal Karkhana, Maharajgunj, Kathmandu Nepal. Tel: +977 1 4544333/4544642, Email ID: lions.manpower@gmail.com, lions@mail.com
Govt. License 340/059/060

**साउदीमा रोजगार** कम्पनी : INTISAR AL-FAD'I AL-ANZI BEVERAGE SERVICE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/१०/११ LT. No. 337706 चलानी नं. ६०२५१२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १९ गते (2nd Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** कम्पनी : CHINA RAILWAY CONSTRUCTION CORPORATION SAUDI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/११ LT. No. 332652 चलानी नं. ६०२४६२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 46 | 0 | 1500 | ५८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १९ गते (2nd Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

All Skills International Human Resource Pvt.ltd.
श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

### इन्द्रसरोवर गाउँपालिका

*प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास समृद्धिद्र*

**गाउँ कार्यपालि काको कार्यालय**

**कुलेखानी, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

### बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/१०/१२**

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यालयबाट सार्वजनिक सूचना मार्फत बोलपत्र/दरभाउपत्र आव्हान भए बमोजिम तपसिलको आन्तरिक आय संकलन तथा निर्माण कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७, उपदफा २,३ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम/ठेगना | कबोल अंक (पि.यस. र मु.अ.क. समेत) रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1. | IRM/NCB/IRC/02/RE-02/2083/083 | Collection Internal Revenue From Kulekhani Khola Ward no 2 | M/S Pritam Prince Construction & Supplires Pvt. Ltd. Bigu \ Lamabagar Dolakha | 76,99,927.76 | आन्तरिक आय संकलन |
| 2. | IRM/NCB/W-06/Re-01/ROADS/2082/083 | Construction and Improvement of Salledanda Road Project Indrasarowar 3 | M/S Pashupatastra Construction Pvt Ltd,Indrasarowar -03, Makawanpur | 23,34,630.85 | निर्माण कार्य |

**प्रमुख प्रशासकीय अधिकृत**

**कतारमा रोजगार** कम्पनी : ARIKA CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०४/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/११ LT. No. 328861 चलानी नं. ६०२४२६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Project Supervisor | 1 | 0 | 2500 | १००,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १९ गते (2nd Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Career International Services (P.) Ltd.
License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

**जापानमा रोजगार** कम्पनी : KRS COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति : २०८२/१०/११ LT. No. 337517 चलानी नं. ६०२५१२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION EQUIPMENT | 3 | 0 | 193834 | १,७९,८४५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ।

**नोट**ः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ १९ गते (2nd Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम इजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com

# अतिरिक्त क्रियाकलापलाई शैक्षिक अंकभार

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालयका विद्यार्थीले अब शैक्षिक प्रमाणपत्रमा पढाइसँगै उनीहरूले गरेका अतिरिक्त क्रियाकलापमा देखाएको प्रतिभा र योगदानकोसमेत अंक प्राप्त गर्ने भएका छन् । विश्वविद्यालयले देशमै पहिलोपटक अतिरिक्त क्रियाकलापलाई औपचारिकरूपमा शैक्षिक अंकभार (एकाडेमिक क्रेडिट)मा समावेश गर्ने नीति अघि सारेको छ ।

विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक डा. दीपेन्द्र पराजुलीका अनुसार विद्यार्थीले सामाजिक सेवा, विपद् व्यवस्थापन, खेलकुद, ललितकला, विज्ञान-प्रविधि, नवप्रवर्तन, उद्यमशीलता तथा व्यवस्थापनजस्ता क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेमा त्यसको मूल्यांकन गरी शैक्षिक प्रमाणपत्रमै अंकका रूपमा समावेश गरिने छ । उनले भने, 'विद्यार्थीले विश्वविद्यालयभित्र वा बाहिर प्रतियोगिता, कार्यक्रम वा अवसरमा उत्कृष्ट प्रदर्शन गरेको प्रमाणपत्र पेस गरेकै भरमा अंक प्रदान गरिँदैन । त्यसअघि विद्यार्थीको सम्पूर्ण गतिविधि केन्द्रीय संयन्त्रमार्फत अनुगमन, अभिलेखीकरण र प्रमाणीकरण गरिने छ ।'

यस प्रयोजनका लागि प्रत्येक क्याम्पसस्तरमा राष्ट्रिय सेवा योजना, राष्ट्रिय सेवा दल, उपकुलपति कप खेलकुद, ललितकला तथा विज्ञान, नवप्रवर्तन, प्रविधि र उद्यमशीलता कार्यक्रमका संयोजकहरूले हरेक सेमेस्टरमा विद्यार्थीको सहभागिता, संलग्न समय (घण्टा) तथा कार्यसम्पादनसम्बन्धी आधिकारिक अभिलेख पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । ती विवरणहरू त्रिभुवन विश्वविद्यालयको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयबाट प्रमाणीकरण र स्वीकृत गरिने छ ।

साथै, विद्यार्थीका सम्पूर्ण गतिविधि, सहभागिता घण्टा र प्राप्त क्रेडिट अंक अभिलेख गर्न केन्द्रीय डिजिटल प्रणाली विकास गरिने छ। गुगल फर्म/गुगल सिटमा आधारित एकीकृत ड्यासबोर्डमार्फत विद्यार्थीगत रूपमा आर्जित क्रेडिट, कार्यक्रमअनुसार आवश्यक घण्टा पूरा गरेका विद्यार्थी तथा क्याम्पसहरूबीचको तुलनात्मक अवस्था स्पष्टरूपमा देखिने छ । केन्द्रीयरूपमा अनुगमन र प्रमाणीकरण भइसकेपछि मात्र विद्यार्थीले पेस गरेको प्रमाणपत्रका आधारमा प्राप्त उपलब्धि उनीहरूको शैक्षिक प्रमाणपत्रमा अंकका रूपमा समावेश गरिने छ ।

यस नीतिबाट विद्यार्थीको समग्र ग्रेडवृद्धि हुनेमात्र नभई विभिन्न क्षेत्रमा लुकेका प्रतिभाको पहिचान, विकास र संस्थागत प्रोत्साहनमा ठूलो सहयोग पुग्ने डा. पराजुलीले बताए । विश्वविद्यालयले शैक्षिक कार्यक्रममा समावेश गरिसकेको राष्ट्रिय सेवा योजना, राष्ट्रिय सेवा दल, उपकुलपति कप खेलकुद, ललितकला तथा आइटिएई कार्यक्रमअन्तर्गत उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरू यस प्रणालीबाट प्रत्यक्ष लाभान्वित हुने छन् ।

त्यसैगरी, हरेक केन्द्रीय विभागमा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई शिक्षण सहायक वा अनुसन्धान सहायकका रूपमा नियुक्त गरी विश्वविद्यालयभित्रै सेवा गर्ने अवसर प्रदान गर्ने नीति पनि अघि सारिएको छ । साथै, विश्वविद्यालय बाहिर विभिन्न विधामा उत्कृष्टता प्रदर्शन गरेका विद्यार्थीलाई भर्ना प्रक्रियामा विशेष सुविधा प्रदान गर्ने व्यवस्थासमेत प्रस्ताव गरिएको छ । यस सम्बन्धमा अवधारणापत्र तयारीको चरणमा रहेको जानकारी दिँदै डा. पराजुलीले उक्त नीति प्राज्ञिक परिषद्बाट पारित भएपछि औपचारिकरूपमा कार्यान्वयनमा आउने बताए । 'देशमै पहिलोपटक अतिरिक्त क्रियाकलापलाई शैक्षिक अंकभारमा समावेश गर्दै छौं,' उनले भने । *रासस*

# कलैया-३ का तत्कालीन वडाध्यक्ष मंसुरसहित चार जनाविरूद्ध भ्रष्टाचार मुद्दा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जग्गा खरिद-बिक्री गर्दा आपसी मिलेमतोमा न्यून मूल्यांकन गरी राज्यलाई हानि नोक्सानी पुऱ्याएको आरोपसहित बाराको कलैया उपमहानगरपालिका-३ का तत्कालीन वडाध्यक्ष म.जलालुदिन मंसुरसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

विशेष अदालत काठमाडौंमा आइतबार दायर गरिएको उक्त मुद्दामा तत्कालीन वडाध्यक्ष मंसुरसँगै तत्कालीन वडासचिव रघुप्रसाद सहनी गोढी, जग्गा खरिदकर्ता हिरालाल प्रसाद र जग्गा बिक्रीकर्ता रौफ मिया मन्सुरलाई प्रतिवादी बनाइएको छ । उनीहरूको आपसी मिलेमतोमा नेपाल सरकार/सार्वजनिक संस्थालाई हानि पुऱ्याउने बदनियतले छ लाख ९४ हजार रूपैयाँ हिनामिना, हानि नोक्सानी तथा मासेको तथ्य स्थापित भएको आरोपपत्रमा उल्लेख गरिएको छ।

साविक भतौडा गाविस-२ को कित्ता नं. २८८ क्षेत्रफल ०-५-१ ऐ.ऐ. कित्ता नं २९० क्षेत्रफल ०-०-१५ जग्गा मालपोत कार्यालय बाराबाट २०७४ कात्तिक २६ मा रजिस्ट्रेसन लिखित पारित गर्ने क्रममा उक्त जग्गामा कम्पाउण्ड वालसहितको पक्की घर टहरा र उक्त जग्गा वीरगञ्ज-कलैया हुलाकी सडकमा भएकोमा बाटोसँग नजोडिएको र घर नभएको भनी सिफारिस गराई राजस्व छली गरेको उजुरीका आधारमा अनुसन्धान गर्दा आरोप पुष्टि भएको आयोगले जनाएको छ ।

'...उल्लिखित कित्ता नम्बरहरू एक आपसमा जोडिएको नापी कार्यालय, कलैया, बाराले पेस गरेको सर्जिमिन मुचुल्का र फिल्ड प्रतिवेदनबाट खुल्न आएको देखिएबाट उक्त कित्ताहरूको सम्पत्तिमा घर तथा बाटो रहेको देखिएको, कलैया उपमहानगरपालिकाको मिति २०८२।०९।११ गतेको पत्रबाट समेत उक्त जग्गाहरू आव २०७४/७५ को न्यूनतम मूल्यांकन पुस्तिकामा उल्लिखित ब्यारेकदेखि सिसहनिया चोक भित्रपर्ने भनी खुल्न आएको देखिएको छ,' आरोपपत्रमा उल्लेख छ ।

आयोगका अनुसार तत्कालीन मूल्यांकअनुसार ९९ लाख ४८ हजार रूपैयाँ हुनुपर्ने र किनबेच गर्दा घर जग्गा रजिस्ट्रेसन दस्तुर चार,४७ हजार तथा पुँजीगत लाभकर तीन लाख ७७ हजार रूपैयाँ गरी जम्मा राजस्व आठ लाख २४ हजार रूपैयाँ प्राप्त हुनुपर्ने थियो ।


THULO BAZAAR — Vacancy Announcement

Position : Full-Stack Software Developer
Vacancies : 2 (Two)
Salary : NPR. 35,000 (Base)
Performance-based incentives
Location : Kathmandu, Nepal

Required Skills:
React, Node.js, Python, AI / Machine Learning, PyTorch

Thulo Bazaar Pvt. Ltd.
Tel. No: 01-5921222
Email: hr@thulobazaar.com.np
Apply: Send updated CV to the above email.



## साउदीमा रोजगार

कम्पनी : ENAYA RECRUITMENT CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337709 | चलानी नं. ६०२५१२०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith/Rod Binder/Steel Fixer | 50 | 0 | 1200 | ४६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: काठमाडौं, Tradeline Technical Training Institute Pvt. Ltd.मा मिति: २०८२ माघ १९/२०/२५ गते (2/3/8 Feb. 2026) मा हुनेछ । सिरहा, Shailesh Training & Center मा मिति: २०८२ माघ २१/२२/२३ गते (4/5/6 Feb. 2026) मा हुनेछ ।

कम्पनी : ADVANCED STEEL PRODUCTS FACTORY COMPANY LIMITED LIABILITY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337710 | चलानी नं. ६०२५१२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १९ गते (2nd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Synnet International Pvt. Ltd. Licence No.: 206/057/058
SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८२/१०/१२ गते**

यस कम्पनीको मिति २०८२/०९/२० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **स्काईपावर इन्टरनेशनल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/०८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्काईपावर फोर्स प्रा.लि. (प्रा.लि.नं. ३५१९६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/१२ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लिप नेपाल फ्याक्ट्री प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिप नेपाल ट्रेडिङ प्रा.लि. (प्रा.लि.नं. ३५७१४१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Dreamland Management Pvt.Ltd. (ई.प.नं.७७६/०६५/०६६) को काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ०४ मा कार्यालय रहेको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ०५** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

**प्रकाशित मिति: २०८२/१०/१२**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था PROFESSIONAL RECRUITERS GROUP PVT. LTD. (ई.प.नं. 1767/081/82) को संचालक र शेयरधनीले आफ्नो नाममा लिन कबुल गरेको शेयर जफत गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर जफतको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/१०/०९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर जफतको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराईन्छ ।

**शेयर जफत सम्बन्धी विवरण:**

| शेयर जफत हुने शेयरधनीको नाम | लिन कबुल गरेको शेयर संख्या |
|---|---|
| १. विष्णु थापा (ना.प्र.नं. ६५१००३/२६२ बर्दिया) | २०००० कित्ता |
| २. कविन्द्र खडका (ना.प्र.नं. १७१९/४०० बारा) | २०००० कित्ता |


## साउदीमा रोजगार

कम्पनी : SONS OF SULAIAMAN M AL MASOUDI CO FOR TRANSPORT

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337716 | चलानी नं. ६०२४६२५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Truck Driver | 5 | 0 | 1900 | ७४,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १९ गते (2nd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LION RECRUITMENT SERVICES PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

## साउदीमा रोजगार

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337682 | चलानी नं.६०२५११७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337683 | चलानी नं.६०२५११७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337684 | चलानी नं.६०२५११७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337685 | चलानी नं.६०२५११७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337686 | चलानी नं.६०२५११८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337687 | चलानी नं.६०२५११८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337688 | चलानी नं.६०२५११८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337689 | चलानी नं.६०२५११८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १९ गते (2nd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

## बहराइन/ओमनमा रोजगार

कम्पनी : THAI MASSAGE — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337692 | चलानी नं. ६०२५१२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masseurs | 9 | 9 | 170 | ६६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL SEEFA BUTTERFLY FASHION AND BEAUTY — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337693 | चलानी नं. ६०२५१२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 0 | 2 | 170 | ६५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २९ गते (15th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल माघ महिना १२ गते)

यस विकास बैंकको शाखा कार्यालय कटारीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**क) कर्जा शीर्षक : महिला उद्यमशील कर्जा**

**ऋणीको विवरण**

नाम : **स्मृती पशुपालन भैसी फर्म** उद्योग सञ्चालकको नाम : **सावीत्रा थापा** उद्योग दर्ता नं. : ३८४/०७७/०७८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, उदयपुर दर्ता मिति : २०७७/१०/२६
उद्योगको ठेगाना : उदयपुर जिल्ला कटारी न.पा. वडा नं. ३ स्थायी लेखा नं. : ६१५०८९०७८

**उद्योग सञ्चालकको विवरण**

पृथ्वी व. थापाको छोरी जित बहादुर थापाको बुहारी रोहित कुमार थापाको पत्नी उदयपुर जिल्ला कटारी वडा नं. १ हाल, कटारी न.पा. वडा नं. ३ बस्ने **सावीत्रा थापा** (ना.प्र.नं. : १४३०३६/९०६ जारी मिति र जिल्ला : २०७०/०२/१४, उदयपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) देव बहादुर थापाको नाति जित बहादुर थापाको छोरा उदयपुर जिल्ला कटारी गा.वि.स. वडा नं. १ हाल, कटारी न.पा. वडा नं. ३ बस्ने **रोहीत बहादुर थापा** (ना.प्र.नं. : ७३६९२ जारी मिति र जिल्ला : २०६२/०२/३१, उदयपुर)

२) हिरा ब. खत्रीको छोरी लक्ष्मण पौडेलको बुहारी मिन बहादुर पौडेलको पत्नी उदयपुर जिल्ला रिस्कु वडा नं. ४ हाल, कटारी न.पा. वडा नं. ३ बस्ने **तुलसा निरौला खत्री** (ना.प्र.नं. : १४१०३३/११८९६१ जारी मिति र जिल्ला : २०६९/०१/१४, उदयपुर)

**ख) कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

सुन्रा अधिकारीको नाति रामु अधिकारीको छोरा सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ७ हाल, हाल, सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. १० बस्ने **जीवन अधिकारी** (ना.प्र.नं. : २०३०४५/३५० जारी मिति र जिल्ला : २०६३/११/०२, सिन्धुली)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

जितु अधिकारीको छोरी रामु अधिकारीको बुहारी जीवन अधिकारीको पत्नी सिन्धुली जिल्ला दुधौली वडा नं. ३ हाल, दुधौली न.पा. वडा नं. १० बस्ने **सुमित्रा अधिकारी** (ना.प्र.नं. : २०१०४५/२४९ जारी मिति र जिल्ला : २०६९/०९/१५, सिन्धुली)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

**सुनवर्षी नगरपालिका**
## नगर कार्यपालिकाको कार्यालय
**डाईनिया, मोरङ्ग**
**कोशी प्रदेश**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८२/१०/१२**

यस कार्यालयद्वारा मिति द्द०८द्दरण्ढरण्ठ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएको तपशिलमा उल्लेखित न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ स्विकृतिको आशयको लागि सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | बोलपत्रदाताको नाम/ठेगना | कामको विवरण | कवोल गरेको रकम (मू. अ.कर र पि. एस. बाहेक) |
|---|---|---|---|---|
| १ | SUNMUN/BUILDING/082/83-01 | श्री अमर निर्माण सेवा, बिराटनगर-१२, मोरङ | Saichik bikashko lagi sewako gunastar abhibriddi garnako lagi bidhyalayaharuko khanepani, sauchalaya, parkhal gherabera nirman garne | ६०,९६,४४६.३७/- |

**प्रमुख प्रशासकिय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# आचारसंहिता पालनामा कडाइ गर

निर्वाचन आयोगले दलहरूलाई निर्वाचन आचारसंहिता पालनाका लागि निरन्तर आग्रह गरिहेको देखिन्छ । तर आचारसंहिता उल्लंघन गर्न दलहरूको तछाडमछाड नै देखिन्छ । खासमा माघ ४ गतेअघि राजनीतिक दलले कुनै किसिमको आमसभा गर्न पाइँदैन । तर ठूला दलकै नेताहरूले सहरी क्षेत्रको पार्टी प्यालेसहरूमा मतदातासँग परिचयात्मक कार्यक्रम भन्दै मत माग्न थालेका छन् । यतिमात्र हैन उनीहरूले भाषण गरी दैनिक आचारसंहिता उल्लंघन गर्न थालेका छन् ।

उम्मेदवारी मनोनयनकै दिनदेखि उम्मेदवारहरूले आचारसंहिता उल्लंघन गर्न थालेको देखिए पनि आयोग भने टुलुटुलु हेर्ने शिवाय केही गरेको देखिँदैन । निर्वाचन आचारसंहिताको परिच्छेद–४ मा 'राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ संगठनहरूले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धी व्यवस्थामा 'उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसारसम्बन्धी' काम गर्न पाउने व्यवस्था छ । तर दलहरूले यो व्यवस्थालाई ठाडै उल्लंघन गरेका छन् ।

सबैभन्दा ठूलो दल मानिने नेपाली कांग्रेसका सभापति गगन थापाले शनिबार काठमाडौंको बानेश्वरस्थित एक पार्टी प्यालेसमा आमसभा गरे । जहाँ उनले आफूलाई मत मागे । यता नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो दललाई मत माग्दै सामाजिक सञ्जालमा नेता कार्यकर्तालाई सम्बोधन गरिएको कार्ड छ्यापछ्याप्ती बनाएका छन् । यसरी आचारसंहिता उल्लंघन गर्नेमा थापा र ओलीमात्रै छैनन्, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत दलका नेताहरू पनि छन् ।

आचारसंहिता उल्लंघन गर्नेलाई स्पष्टीकरण सोधिरहेको निर्वाचन आयोगले दाबी गरेको छ । तर आयोगको अनुगमन संयन्त्र कमजोर देखिएको छ । यसले गर्दा दिनप्रतिनिधि आचारसंहिता उल्लंघनका घटना बढिरहेका छन् । यो आयोगका लागि चुनौतीको विषय हो । आयोगले नगर भन्ने तर दलहरूले नटेर्ने, यस्तो हिसाबले निर्वाचनको स्वच्छतामथि प्रश्न उठ्छ ।

निर्वाचनमा कुनै पनि मतदान केन्द्रमा एक दललेमात्र कब्जा गर्न पाउँदैन । दलहरूले यसरी नै आचारसंहिता उल्लंघन गर्दै जाने हो भने मतदानका दिन यस्ताखाले उच्छृंखल घटना पनि हुन सक्छन् । त्यसैले दलहरूलाई अहिलेबाटै नैतिक बन्धनमा बाँध्न आयोगले विशेष पहल गर्नैपर्छ । यसो गर्न सकेमात्र स्वच्छ निर्वाचनको परिकल्पना गर्न सकिन्छ । नभए अटेरी दल र अटेरी उम्मेदवारले निर्वाचन नै स्थगित हुनेसम्मको वातावरण तयार पार्न सक्ने खतरा बढ्छ । त्यसैले आजैबाट आयोगले आचारसंहिता पालनामा कडाइ गरोस् । आजको अनुशासित उम्मेदवारमात्र भोलिको जिम्मेवार जनप्रतिनिधि बन्न सक्छ ।

# निर्वाचनलाई सेयरबजारको 'ग्रिन सिग्नल'



❑ रिसव गौतम

"यसपटक सुधारिएको नेपाली कांग्रेसले पनि युवा नेता सभापति थापालाई प्रधानमन्त्रीको रूपमा अघि सारेर चुनावमा होमिएको छ । धेरैजसो बूढापाका र कतिपय भ्रष्टाचारमा मुछिएकाहरूले कांग्रेसमा टिकटै पाएका छैनन् । अरू दलहरूमा पनि युवाहरूको लहर बढी देखिन्छ । त्यसकारण देशले जेन–जी आन्दोलनको पृष्ठभूमिमा नयाँ र युवाहरु नै खोजेको परिप्रेक्षमा निर्वाचन हुँदै छ, माहोल नयाँ र युवाहरूकै आसपास आइरहँदा अबका दिनमा सेयरबजार बढ्दै जाने कुरामा दुईमत छैन ।

गत भदौ २३ र २४ को जेन-जी आन्दोलन र विद्रोहको पृष्ठभूमिमा आसन्न फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिएको छ । प्रतिनिधिसभा विघटन गरी राष्ट्रपतिबाट निर्वाचनको छ महिने कार्यादेश पाएको सरकारले चुनावको एकलब्बे तयारी गरिरहेको छ । चुनाव हुने ग्यारेण्टी भएपछि यसबीच अन्तरिम सरकारका चार भाइ मन्त्रीले राजीनामा दिएर चुनावमा भाग लिन उमेदवारी दर्ता गराएका छन् ।

निर्वाचन आयोगमा दल दर्ता, समानुपातिक सूची बुझाउने र प्रत्यक्षतर्फको उमेदवारीमा दलीय तथा स्वतन्त्रहरूको दर्तासमेत भइसकेको छ । दल र तिनका उमेदवारहरू भोट माग्न घरदैलो अभियानमा जुटिसकेका छन् । सभा, सम्मेलन र भाषणबाजी चर्किन थालेको छ । दलहरू घोषणापत्र लेखनमा व्यस्त हुँदै छन् । देश चुनावमय बनेको छ । चुनावले गर्माएपछि उपभोक्ता बजार चलायमान हुन थालेको छ । अदृश्य पैसाहरूसमेत बाहिर आएर करिब एक खर्ब रूपैयाँ हाराहारी चुनाव शीर्षकमा खर्च हुने अनुमान छ ।

उमेदवारहरू एकले अर्कालाई कसरी पछि पार्ने भन्ने जुक्ति निकालिरहेका छन् । निर्वाचन आयोगले मतपत्र छपाइको काम अन्तिम चरणमा पुऱ्याइसकेको छ । स्यादी प्रहरी भर्नाको काम भइसकेको छ । माघ दोस्रो साताबाटै चुनावी सुरक्षाको माहोल खडा गर्न नेपाली सेना तैनाथ हुँदै छ । यसरी सम्पूर्ण हिसावले सरकार शान्तिपूर्णरूपमा चुनाव गराउन लागिपरेको छ । चुनाव हुने सुनिश्चित भएको छ । दातृ निकायहरूले पनि चुनावी प्रयोजनका लागि आवश्यक सहयोग दिन थालिसकेका छन् । निर्वाचन आयोगले तयारी अन्तिम चरणमा पुगिसकेको बताउन थालेको छ । यस्तोमा अहिलेको चुनावी माहोल र आसन्न चुनावको नतिजाले सेयरबजारमा कस्तो प्रभाव पार्ला ? भन्ने आम चासो देखिन्छ ।

खासगरी फागुन २१ को चुनाव जेन-जी आन्दोलनको 'म्याण्डेट'ले सिर्जना गरेको परिघटना हो । जेन-जीहरूले भदौ २३ को आन्दोलन कूशासन, भ्रष्टाचार र शासनसत्तामा एउटै पुरानो वर्गको रजगज भएको भन्दै आन्दोलन गरेका थिए । त्यसमाथि सामाजिक सञ्जाल बन्दको निर्णयले आक्रोश र आन्दोलनलाई बल प्रदान गरेको थियो । त्यसकारण पनि फागुन २१ को निर्वाचनमा पुराना दलहरू र नयाँहरूबीच प्रतिस्पर्धा हुने छ । निर्वाचन नजिकिँदै गर्दा नयाँ दलहरू खासगरी काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाह पदबाट राजीनामा दिएर मिसिएको रवि लामिछानेको रास्वपा, हर्क साम्पाङको श्रम संस्कृति पार्टी, कुलमान घिसिङको उज्यालो नेपाल पार्टी र कतिपय अरु नयाँ दलहरूको अहिले प्रभाव बढेको देखिन्छ । यो पटकको जनताको 'सेन्टिमेन्ट' नयाँहरूप्रति नै बढेको जस्तो देखिन्छ । तर पुराना एवं सांगठनिकरूपमा जरा गाडेर बसेका दलहरू पनि कमजोरचाहिँ देखिँदैनन् । फेरि मिश्रित निर्वाचन प्रणालीले गर्दा पनि कुनै एक पार्टीको बहुमत आउने सम्भावना अहिले छैन ।

पुस महिनामा बालेन रास्वपामा प्रवेश गरेको भोलिपल्ट सेयरबजार ४७.५५ अंकले बढेको थियो । कुलमान रास्वपामा प्रवेश गर्दा पनि बजार बढेको हो । त्यस हिसाबले पनि सेयरबजारले यसपटक नयाँ राजनीतिक दल र शक्ति खोजिरहेको भान हुन्छ । फेरि राष्ट्रिय स्वतन्त्र पार्टी, कुलमान नेतृत्वको उज्यालो नेपाल पार्टी, सुधारिएको गगन थापा नेतृत्वको नेपाली कांग्रेस यी सबैको आर्थिक सिद्धान्त मूलत पुँजीवादी नै हो । अर्थात् उदारवादी एवं निजी क्षेत्रमैत्री आर्थिक प्रणाली नै उनीहरूको रोडम्याप हुन् ।

देशमा दुईतिहाइ जनमत कम्युनिस्टहरूकै भए पनि विभिन्न कारणले उनीहरू एकअर्कामै ज्यादा लडाइँ गर्दा यसपटक मतदाता विरक्तिएका देखिन्छन् । त्यसकारण पनि फागुन २१ को 'ब्यालेट' यसपटक कम्युनिस्टहरूको पोल्टामा पर्ने सम्भावना निकै कम छ । तसर्थ यो पटकको निर्वाचनले सेयरबजार अवश्य बढाउँदै लैजाने छ । किनकि, सेयरबजारले जहिले पनि निजी क्षेत्रमैत्री दल र उमेदवारहरूको खोजिरहेको हुन्छ । खुला एवं राज्यबाट नियन्त्रण नगरिएको स्वतन्त्र व्यावसायिक वातावरण खोजिरहेको हुन्छ । त्यस सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टीसहितका पुँजीवादलाई पछ्याएका पार्टीहरूको माहोल बनिरहँदा सेयरबजारले 'ग्रिन सिग्नल' दिनु स्वाभाविक हो ।

दलहरूले माघ ६ गते प्रत्यक्षतर्फको उमेदवारी दिइसकेपछि सेयरबजारले ४२ अंकको छलाङ मारेर 'ग्रिन सिग्नल' दिएको थियो । यसलाई निरन्तरता दिँदै आइतबार ५७.५५ अंकले बढेको छ । जतिजति निर्वाचन नजिकिँदै जाने छ र माहोल पनि नयाँहरूको पक्षमा भएछ भने त्यति नै सेयरबजार बढ्न सक्ने देखिन्छ । जस्तो कि ०६४ सालको निर्वाचनमा नेकपा माओवादीको माहोल बढिरहँदा र उसैको पक्षमा निर्वाचनको नतिजा आउँदा सेयरबजार धेरै नै घटेको थियो । २०६४ मंसिरमा एक हजार २५ अंकमा रहेको सेयरबजार परिसूचक निर्वाचनको समय चैतमा आइपुग्दा ७४७ अंकमा झरेको थियो । त्यतिखेरका अर्थमन्त्री डा. बाबुराम भट्टराईले ०६५ साल भदौ २ गते सेयरबजार 'जुवा घर' हो भनेपछि त झन् बजारको मनोविज्ञान निकै खस्केको थियो । अर्थमन्त्रीको रूपमा भट्टराईको सो अभिव्यक्तिपछि बजार १०७५ अंकबाट क्रमशः २९२ अंकसम्म तल झऱ्यो ।

तर माओवादी क्रमशः सत्तामा अभ्यस्त भएपछि उसले आफ्ना घोषणापत्रमा उल्लिखित धेरै नीति-कार्यक्रम छोड्यो । पुराना दलहरूसँगको सहकार्य बढाउन थालेपछि बजार सम्हालिएर बढ्न थालेको हो । नेपालमा दृश्यमा देखिनेगरी अलिकति गरिब तथा उपेक्षित वर्गको मुद्दालाई बोकेको, समाजवादको यात्रा तय गर्छौं भन्ने पार्टी माओवादी नै थियो । तर अहिले माओवादी पार्टी मूलरूपमा विभिन्न कम्युनिस्ट भनिने सुधारवादी दलहरूसँग गठबन्धन गर्दै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बनेको छ । उसले जनयुद्ध सुरु गर्दा ताकाको माग र मुद्दा धेरैजसो छोडिसकेको छ । अहिले त कांग्रेस, एमाले र नेकपामा तात्त्विक फरक छैन । सैद्धान्तिक हिसाबले केही फरकपना त होला तर उनीहरूले दुई दशकबीच गरेका काम र परिपाटी कांग्रेस-एमालेकै जस्तो हो । अर्को, एमाले पार्टी नामले कम्युनिस्ट भए पनि कांग्रेसभन्दा पनि उदार र पुँजीवादी ढर्राको पार्टी हो । कांग्रेस त भन्नै परेन, ऊ घोषितरूपमै उपल्लो वर्गको, पुँजीवादको पक्षपोषक पार्टी हो । यसकारण सेयरबजारले अहिले दलीय सिद्धान्तका आधारमा डराएको छैन । बरु निर्वाचनबाट पुरानै भ्रष्ट नेताहरू पो दोहोरिने हुन् कि भन्ने संशयचाँहि छ ।

तर यसपटक सुधारिएको नेपाली कांग्रेसले पनि युवा नेता सभापति थापालाई प्रधानमन्त्रीको रूपमा अघि सारेर चुनावमा होमिएको छ । धेरैजसो बूढापाका र कतिपय भ्रष्टाचारमा मुछिएकाहरूले कांग्रेसमा टिकटै पाएका छैनन् । अरु दलहरूमा पनि युवाहरूको लहर बढी देखिन्छ । त्यसकारण देशले जेन-जी आन्दोलनको पृष्ठभूमिमा नयाँ र युवाहरू नै खोजेको परिप्रेक्षमा निर्वाचन हुँदै छ, माहोल नयाँ र युवाहरूकै आसपास आइरहँदा अबका दिनमा सेयरबजार बढ्दै जाने कुरामा दुईमत छैन ।

# वैकल्पिक राजनीतिको परीक्षा: एकता, एजेण्डा र आत्मसम्मान



❑ गुणराज ढकाल

"जनताको चेतना जागृत भइसकेको छ, अब चुनौती त्यो चेतनालाई स्पष्ट एजेण्डा र अनुशासित संगठनमार्फत दिगो राजनीतिक शक्तिमा रूपान्तरण गर्नु हो । वैकल्पिक राजनीति सफल हुने कि असफल, त्यसको निर्णय सत्ताले होइन, विचारले गर्छ । पदभन्दा नीति, व्यक्तित्वभन्दा संस्थालाई प्राथमिकता दिन सकिएमात्र वैकल्पिक शक्ति वास्तवमै विकल्प बन्न सक्छ ।

नेपालको समकालीन राजनीति गहिरो संक्रमणको चरणमा छ । जेन-जी आन्दोलन र त्यस क्रममा भएका युवाहरूको बलिदानले केवल सरकारविरुद्ध असन्तोष व्यक्त गरेको होइन, दशकौंदेखि जरा गाडेर बसेको भ्रष्टाचार, बेथिति र असमानताविरुद्ध जनस्तरको विद्रोही चेतनालाई सार्वजनिक गरेको हो । यही चेतनाबाट वैकल्पिक राजनीतिक शक्तिको उदय आवश्यकमात्र होइन, अपरिहार्य बन्दै गएको देखिन्छ ।

जनआन्दोलनबाट प्राप्त नैतिक अनुमोदनलाई संस्थागत र वैधानिक मार्गमा रूपान्तरण गर्ने माध्यम आवधिक निर्वाचन नै हो । तर निर्वाचन आफैंमा परिवर्तन होइन; परिवर्तनका लागि स्पष्ट दृष्टिकोण, संगठनात्मक क्षमता र वैचारिक एकरूपता आवश्यक हुन्छ । यही पृष्ठभूमिमा उज्यालो नेपाल पार्टीको उदय भएको हो, पुराना अभ्यासभन्दा फरक राजनीतिक संस्कृतिको खोजीका रूपमा । जब देश थाक्छ, तब केही अनुहारहरू आशा बन्छन् । जब भरोसा हराउँदै जान्छ, तब केही नामहरू उज्यालो बन्छन् ।

गठन भएको छोटो समयमै उज्यालो नेपाल पार्टीले उल्लेखनीय जनसमर्थन हासिल गरेको छ । तर नेपालको संसदीय संरचना र संवैधानिक अंकगणितका कारण जनसमर्थनमात्र पर्याप्त हुँदैन, राजनीतिक परिणामका लागि रणनीतिक एकता पनि आवश्यक पर्छ । यही यथार्थका कारण वैकल्पिक राजनीतिक शक्तिहरूबीच एकताको आवश्यकता उठ्यो, जुन स्वयं जनअपेक्षासँग पनि मेल खान्थ्यो । इतिहासले देखाएको छ, ठूला र जरा गाडेका शक्तिलाई परास्त गर्न साना तर वैचारिकरूपमा नजिक शक्तिहरूबीचको एकीकरण अस्वाभाविक होइन ।

यसै सन्दर्भमा उज्यालो नेपाल पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीबीच एकता गर्ने सहमति भयो । सोही आधारमा समानुपातिक सूची निर्वाचन आयोगमा बुझाइयो । तर सूची बुझाइसकेपछि देखिएको आन्तरिक राजनीतिक दाउपेज एकाएक बाहिर नै सार्वजनिक भयो । यसले गर्दा वैकल्पिक राजनीतिको भविष्यबारे गम्भीर प्रश्नहरू जन्माएको छ । यहाँ समस्या पद, सत्ता वा शक्तिको होइन, समस्या एजेण्डाको स्वामित्व, संगठनात्मक अस्तित्व र राजनीतिक आत्मसम्मानको हो ।

चुनावको मुखमा उभिँदा वैकल्पिक शक्तिहरूले एउटा मौलिक प्रश्नको सामना गर्नुपर्छ । हामी पुराना दलका कमजोरी देखाएरमात्र मत माग्ने कि आफ्ना स्पष्ट र मापनयोग्य एजेण्डा प्रस्तुत गरी जनअनुमोदन लिने ? देशको शासकीय स्वरूप, संघीयताको अभ्यास, आर्थिक मोडल, भाषिक, सांस्कृतिक विविधताप्रतिको दृष्टिकोण, भ्रष्टाचार नियन्त्रणका उपाय र युवाका आकांक्षालाई सम्बोधन गर्ने नीति, यी सबै विषयमा स्पष्टताविना वैकल्पिक राजनीति विश्वसनीय हुन सक्दैन । तर पार्टी एकताअघि सीमित समय र दबाबका कारण यी वैचारिक आधारहरू पर्याप्तरूपमा संस्थागत हुन सकेनन् । परिणामस्वरूप उदारता र सहकार्यलाई कमजोरीका रूपमा बुझ्ने प्रवृत्ति देखियो । राजनीतिक प्रतिस्पर्धामा विपक्षीसँगको संघर्ष स्वाभाविक हुन्छ, तर आफ्नै सहयात्रीसँगको अविश्वासले वैकल्पिक शक्तिलाई नै कमजोर बनाउँछ । यहीं प्रश्न उठेको छ, त्यो एकता वैचारिक मर्जर थियो कि केबल अंकगणितीय एक्वायर ? भन्ने ।

वैकल्पिक राजनीतिको सार सत्ता प्राप्तिमात्र होइन, राजनीतिक संस्कृतिको रूपान्तरण हो । त्यसका लागि एजेण्डाको रक्षा, जनविश्वासको कदर र अभियानकर्मीहरूको आत्मसम्मान अपरिहार्य सर्त हुन् । तत्कालीन लाभका लागि दीर्घकालीन लक्ष्य र मूल्य त्याग्नु भनेको स्वयं वैकल्पिक राजनीतिको आत्महत्या गर्नु हो ।

'भोकै बस्न सकिन्छ, तर अन्याय सहन सकिँदैन' भन्ने चेतना नै परिवर्तनकारी राजनीतिको मेरुदण्ड हो । यसलाई नै केन्द्रबिन्दुमा राखेर अगाडि बढ्नुको विकल्प छैन । सुशासन, समृद्धि र सामाजिक न्यायको चिन्तन, प्रवर्द्धन तथा राजनीतिक सुधारका रणनीतिहरू बनाई कार्यान्वयनमा जोड दिनु आजको आवश्यकता हो । आज हामीले राजनीतिक सिद्धान्तका अन्त्यहीन लफ्फाजी गर्नुभन्दा आर्थिक राष्ट्रवादका कुरा गर्नु छ । कसैलाई प्रतिसोध साँध्ने समय छैन र प्रतिसोध साँधेर देश विकास हुँदैन । हामीले नतिजा हेर्ने हो ।

राजनीति क्षणिक वर्षा होइन, दीर्घकालीन मौसम हो । एक झरीले बर्खा सकिँदैन । आज देखिएका अवरोध र विवादले वैकल्पिक राजनीतिको सम्भावनालाई समाप्त गर्दैन, अहिले संसदीय अंकगणितमा हाम्रो नम्बर कम आउन सक्छ तर यसले धैर्यता, वैचारिक स्पष्टता र संगठन निर्माणको आवश्यकता अझ प्रस्ट बनाउँछ । जनताको चेतना जागृत भइसकेको छ, अब चुनौती त्यो चेतनालाई स्पष्ट एजेण्डा र अनुशासित संगठनमार्फत दिगो राजनीतिक शक्तिमा रूपान्तरण गर्नु हो । वैकल्पिक राजनीति सफल हुने कि असफल, त्यसको निर्णय सत्ताले होइन, विचारले गर्छ । पदभन्दा नीति, व्यक्तित्वभन्दा संस्थालाई प्राथमिकता दिन सकिएमात्र वैकल्पिक शक्ति वास्तवमै विकल्प बन्न सक्छ ।

*(लेखक उज्यालो नेपाल पार्टीका केन्द्रीय सदस्य हुन्)*

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के–के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।



**उदयपुरको त्रिवेणी मेला** | उदयपुरको कटारी–२ खोक्सामा माघे संक्रान्तिदेखि जारी त्रिवेणी (मैनी) मेलामा आएका सर्वसाधारणको घुइँचो। धार्मिक, सांस्कृतिक महत्त्वको यो मेला माघ २० सम्म लाग्ने छ। *तस्बिरः रासस*

# जंगलमा बास, जोखिमपूर्ण जीवन

■ इन्द्राकुमारी केसी

**घोडाघोडी (कैलाली)–** कैलालीको चुरे गाउँपालिका-४ पनेरुगडास्थित जंगलको बीचमा विश्नादेवी महराको परिवार पाँच वर्षदेखि पालमुनी आश्रय लिएर बस्दै आएको छ। विसं २०७७ मा चुरे गाउँपालिका-४ को गौजनामा आएको पहिरोले उनको १६ रोपनी जमिनसहित घरखेत बगाएपछि पाँच जनाको परिवार विस्थापित भएको थियो।

विस्थापित भएपछि उनको परिवार जंगलमा बस्दै आएको थियो। त्यहाँबाट पनि वन कार्यालयले हटाएपछि केही समय गौशालामा बस्नुपरेको विश्नादेवीले बताइन्। त्यहाँबाट पनि हटाइएपछि पुनः पनेरुगडाको जंगलमा फर्किएर बस्न बाध्य भएको उनले उल्लेख गरिन्।

विश्नादेवीले भनिन्, 'घरबार नै नभएपछि जंगलमा बस्नुपर्ने बाध्यता आएको हो।' छोरी ठूलो भइसकेकाले जंगलमा बस्न असुरक्षित महसुस भएपछि उनले छोरीलाई आफन्तकहाँ राखेर पढाइरहेकी छन्। दुई छोरासँगै जंगलमा बसिरहेकी विश्नादेवीका श्रीमान् रोजगारीको सिलसिलामा भारतमा छन्। आफू भने मजदुरी गरेर परिवारको जीविकोपार्जन गर्दै आएको उनले बताइन्।

भाडामा बस्ने क्षमता नभएको भन्दै जंगलमा बस्दा छोराछोरीको भविष्य जोखिममा पर्ने चिन्ताले सताउने उनको भनाइ छ। 'जंगलमा बाघसहित जंगली जनावरको त्रास भएकाले रातभरि आगो बाल्दै सबै एक ठाउँमा जम्मा भएर बस्नुपर्छ,' उनले भनिन्, 'सामुदायिक वन समूहले यहाँबाट अन्यत्र जान पनि भनिरहेको छ। रहर कसलाई हुन्छ र ज्यान जोखिममा पारेर बस्न ? तर जाने ठाउँ कतै छैन। बरु मारुन्, कतै जान्न।'

विश्नादेवीजस्तै कमला रोका मगरको परिवार पनि २०७७ सालदेखि पनेरुगडाकै जंगलमा पालमुनि जीवन बिताइरहेको छ। 'हावाहुरी चल्दा रूख ढल्छ कि भन्ने त्रास, राति जंगली जनावर आइपुग्छन् कि



भन्ने डरका बीचमा दिन काट्नु दैनिकी बनेको छ। उठेर जान पनि भनिरहे पनि जाने ठाउँ छैन। राम्रो घरमा बस्ने मन हाम्रो पनि छ, तर कहाँ जाने ?,' उनले प्रश्न गरिन्।

यसै क्षेत्रमा चुरे गाउँपालिका-६ का डबलबहादुर कार्की पनि पालमुनि बस्दै आएका छन्। उनका अनुसार सुरुमा यहाँ धेरै विस्थापित परिवार थिए। 'कतिपय रोजगारीका लागि भारत गए, केही पहिरो गएको आफ्नै ठाउँतिर फर्किएका छन्।

'हाम्रो त केही पनि बचेको छैन, कहाँ जानु ? सोही कारणले यहाँ बसिरहेका छौं,' कार्कीले भने। पालिकाले हाललाई यहाँ बसोबासका लागि अनुमति दिए पनि सुरक्षित र स्थायी बसोबासको कुनै सुनिश्चितता नभएको उनले गुनासो गरे।

पनेरुगडा क्षेत्रमामात्रै यस्ता २५ भन्दा बढी परिवार पाल टाँगेर बसिरहेका छन्। चुरे-४ का वडाध्यक्ष चन्द्रबहादुर लामिछाने मगरका अनुसार २०७७ सालको बाढीपहिरो र अन्य प्राकृतिक विपद्का कारण विस्थापित ११६ परिवार पनेरुगडा, टाँकगडा, बालुवागडा, चुरे-१ को खामाहाले, खानीडाँडालगायत क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्दै आएका छन्।

सुरुमा घरविहीन भन्दै करिब ७०० परिवार वन क्षेत्रमा बसेको देखिए पनि गाउँपालिकाको छानबिनपछि ११६ परिवारमात्रै पूर्णरूपमा घरबारविहीन रहेका पाइएको वडाध्यक्ष मगरले जानकारी दिए। वन कार्यालयले वि.सं. २०७९ मा अतिक्रमण भएको भन्दै धेरैलाई हटाए पनि वास्तविक पीडित भने अझै जंगलमा बस्न बाध्य भएका उनको भनाइ छ।

वडाध्यक्ष लामिछाने मगरले भने, 'विस्थापितहरूको समस्या समाधानमा हामी गम्भीर छौं। तर, स्थानीय तहसँग उनहरूलाई तत्काल व्यवस्थापन गर्ने आफ्नो जमिन छैन। वन कार्यालयले हटाउने भनिरहेको छ, तर उहाँहरूको जाने ठाउँ छैन। यही कारण यहाँ जोखिमपूर्ण अवस्थामा बस्न बाध्य हुनुहुन्छ।'

जोखिममा बालबालिकाको शिक्षा

यहाँ बस्ने बालबालिकालाई विद्यालय जान पनि चुनौतीपूर्ण रहेको अभिभावक बताउँछन्। यहाँका बालबालिका गौरीगंगा नगरपालिका-३ स्थित श्री शिव नमूना आधारभूत विद्यालयमा पढ्न जान्छन्। दीपेन्द्र महरा कक्षा ६ मा पढ्छन्। दीपेन्द्रले भने, 'वर्षाको समयमा बाढी आएपछि विद्यालय जान सकिँदैन। अन्य समयमा पनि बाघसहित जंगली जनावरको त्रास हुन्छ।'

रमेशबहादुर महरा पनि कक्षा ७ मा पढ्छन्। 'बिहानको समयमा स्कुल जाँदा अभिभावक आधा बाटोसम्म पुऱ्याउन जानुपर्छ,' उनले भने। अर्की विद्यार्थी मनिषा रोका मगरले विद्यालय जान र आउन दैनिक करिब चार घण्टा हिँड्नुपर्ने बताइन्। 'बाटोमा जंगली जनावरको डर पनि लाग्छ,' उनले भनिन्, 'जसोतसो विद्यालय गइरहेका छौं। यसको दीर्घकालीन समाधानका लागि सरोकार भएका निकायलाई आग्रह गर्दछौं।' *रासस*

# सुदूरपश्चिममा १८ जना महिला उम्मेदवार चुनावी मैदानमा

**महेन्द्रनगर–** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुदूरपश्चिम प्रदेशबाट दुई जना स्वतन्त्रसहित १८ जना महिला उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्।

यहाँका नौ जिल्लामा रहेका १६ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र छन्। सुदूरपश्चिमका सात पहाडी जिल्लामा महिला उम्मेदवारी न्यून रहे पनि तराईका जिल्लामध्ये कैलाली र कञ्चनपुरमा उल्लेख्य सहभागिता छ।

प्रदेश निर्वाचन कार्यालयका प्रवक्ता दिलीप भाटका अनुसार यहाँ सबैभन्दा बढी कैलालीमा ११, कञ्चनपुरमा छ र डोटीमा एक जना महिला आसन्न निर्वाचनमा होमिएका छन्। सुदूरपश्चिममा कूल २१० जनाको उम्मेदवारी परेकामा एक जनाको रद्द भएको जनाउँदै उनले तीन जनाले उम्मेदवारी फिर्ता लिएका बताए।

महिला उम्मेदवारमध्ये कञ्चनपुरको निर्वाचन क्षेत्र नं १ मा नेपाली कम्युनिस्ट पार्टीकी बिना मगर, आमजनता पार्टी (एकल चुनाव चिह्न) सीता विक, स्वतन्त्रबाट मञ्जुदेवी सुनार र रूपादेवी विष्टले उम्मेदवारी दिएका प्रवक्ता भाटले बताए।

कञ्चनपुर निर्वाचन क्षेत्र नं २ मा नागरिक उन्मुक्ति पार्टी नेपालबाट प्रेमवती राना तथा क्षेत्र नं ३ बाट आमजनता पार्टीकी लक्ष्मीकुमारी विष्ट (भट्ट) चुनावी मैदानमा छन्। यसैगरी, कैलाली निर्वाचन क्षेत्र नं १ मा आमजनता पार्टीकी रूपाकुमारी चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीकी कोमल ज्ञवाली र नेपाल मजदुर किसान पार्टीकी सुनिता भण्डारी उम्मेदवार छन्। क्षेत्र नं २ मा मितेरी पार्टी नेपालकी सम्झना विष्ट थापा र नेपाल मजदुर किसान पार्टीकी लक्ष्मी पुन मगरको उम्मेदवारी परेको छ।

कैलाली क्षेत्र नं ३ मा मितेरी पार्टी नेपालकी सुशीला थापामगर र नेपाल मजदुर किसान पार्टीकी जुनु महतारा शाही उम्मेदवार भएर चुनावी प्रचारप्रसारमा व्यस्त छन्। निर्वाचन क्षेत्र नं ४ मा नेपाल मजदुर किसान पार्टीकी अमृता भुल, क्षेत्र नं ५ मा मितेरी पार्टी नेपालबाट राधिकाकुमारी कार्की, राष्ट्रिय जनमोर्चाबाट शोभामणि जोशी र नेपाल मजदुर किसान पार्टीबाट तृषण पुनमगर छन्।

सुदूरपश्चिमका सात पहाडी जिल्लामध्ये एउटा निर्वाचन क्षेत्र रहेको डोटीमा एक जनामात्रै महिला उम्मेदवार छन्। यहाँबाट मितेरी पार्टी नेपालकी सरस्वतीकुमारी पाल (मल्ल)ले उम्मेदवारी दिएकी छन्। सुदूरपश्चिममा कूल १७ लाख १६ हजार ६६० मतदाता रहेका प्रदेश निर्वाचन कार्यालयले जानकारी दिएको छ। *रासस*

# कास्कीमा २६ वर्षदेखि ७० वर्षसम्मका उम्मेदवार

**गण्डकी–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्कीमा २६ वर्षदेखि ७० वर्षसम्मका उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। निर्वाचनमा अधिकृतको कार्यालयको तथ्यांकअनुसार उम्मेदवारी दर्ता गरेकामध्ये कास्कीको क्षेत्र नं २ बाट सबैभन्दा कम उमेरका २६ वर्षीय निर्दोषविक्रम पौडेलको उम्मेदवारी परेको छ भने कास्की क्षेत्र नं ३ बाट सबैभन्दा बढी उमेरका ७० वर्षीय गोपाल गिरीको उम्मेदवारी परेको छ।

कास्की क्षेत्र नं १ मा कूल १७ जना उम्मेदवारमध्ये सबैभन्दा कम ३८ वर्षदेखि ६७ वर्ष उमेरसम्मका व्यक्ति चुनावमा प्रतिस्पर्धा गर्दै छन्। यस क्षेत्रमा ११ जना ५० वर्षमुनिमा उम्मेदवार रहेका छन्। क्षेत्र नं २ मा कूल १७ जना उम्मेदवारमध्ये २६ वर्षदेखि ६५ वर्ष उमेर समूहकाले प्रतिस्पर्धा गर्दै छन्। यस क्षेत्रमा १२ जना उम्मेदवार ५० वर्षभन्दा कम उमेरका छन्।

त्यस्तै, क्षेत्र नं ३ मा कूल १५ जना उम्मेदवारमध्ये ३६ वर्षदेखि ७० वर्षसम्मका व्यक्तिहरू प्रतिस्पर्धामा उत्रिएका छन्। यस क्षेत्रमा छ जना उम्मेदवारमात्रै ५० वर्ष तलका छन्। नवयुवादेखि ७० वर्षसम्मको उमेर समूहसम्मका उम्मेदवारबीच हुन लागेको प्रतिस्पर्धालाई अत्यन्त महत्त्वका साथ हेरिएको छ। तीन निर्वाचन क्षेत्रमा कूल ४९ जनाले उम्मेदवारी दर्ता गराएकामा १८ राजनीतिक दलसहित छ जना स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

कूल ४९ उम्मेदवारमध्ये पाँच जना महिलाकोमात्रै उम्मेदवारी परेको छ। अन्य सबै पुरुष छन्। जिल्लामा यसपटक अधिकांश उम्मेदवार नयाँ छन्। कास्कीमा आसन्न निर्वाचनमा कूल तीन लाख आठ हजार ५७२ जना मतदाता रहेका निर्वाचनमा अधिकृतको कार्यालयले जनाएको छ। यसअघि २०७९ को निर्वाचनमा दुई लाख ९१ हजार ५६८ जना मतदाता रहेकामा यसपटक १७ हजार चार जना नयाँ मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ। *रासस*

# छाङरु र तिंकरका मतदातालाई सदरमुकाममै मतदानको व्यवस्था

**खलंगा (दार्चुला)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दार्चुलामा दुई अस्थायी मतदान केन्द्र कायम गरिएको छ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार ब्याँस गाउँपालिका-१ का छाङरु र तिंकर गाउँका मतदातालाई लक्षित गरी सदरमुकाम खलंगामा अस्थायी मतदान केन्द्र तोकिएको हो। मुख्य निर्वाचन अधिकृत भुवन गिरीका अनुसार भौगोलिक विकटता र मौसमी अवस्थाका कारण लिपुलेक मुनिका छाङरु तथा तिंकरका मतदाता हाल खलंगामै बसोबास गरिरहेका छन्। सोही कारण उनीहरूलाई सहजरूपमा मतदान गर्न खलंगामै मतदान केन्द्र कायम गरिएको हो। छाङरुका मतदाताका लागि कैलाशपति आधारभूत विद्यालय र तिंकरका मतदाताका लागि मोती महिला संघ आधारभूत विद्यालयमा अस्थायी मतदान केन्द्र तोकिएको उनले बताए।

निर्वाचन कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार कैलाशपति आधारभूत विद्यालयमा ३७५ र मोती महिला संघ आधारभूत विद्यालयमा २४४ मतदाता सूचीकृत छन्। विसं २०७९ को निर्वाचनमा छाङरुमा ३८३ र तिंकरमा २३४ मतदाता रहेका थिए। यसअघि स्थानीय तह निर्वाचन पनि ती क्षेत्रमै सम्पन्न गरिएको मुख्य निर्वाचन अधिकृत गिरीले बताए।

यसपटक गत मंसिर महिनामै स्थानीय बासिन्दा सदरमुकाम झरेपछि यही माघ ५ गते मतदान केन्द्र खलंगामै राख्न माग गरिएको थियो। सो मागलाई मध्यनजर गर्दै अस्थायी मतदान केन्द्र कायम गरिएको मुख्य निर्वाचन अधिकृत गिरीले बताए। सदरमुकाममै मतदान केन्द्र तोकिँदा मतदाताको सहभागिता बढ्ने अपेक्षा गरिएको छ। *रासस*

# मुस्ताङमा निर्वाचन प्रहरी अपुग भएपछि तेस्रोपटक थपियो म्याद

**मुस्ताङ (प्रस)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचन सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालयले तेस्रोपटक थप दुई दिन म्याद थप गरेको छ। जिल्ला प्रहरी कार्यालयले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका लागि आवश्यक माग संख्याका लागि दुईपटक दरखास्त आह्वान गरेको थियो। तर दुईपटक म्याद थप गर्दा पनि छनोट प्रक्रिया सकिँदासम्म माग संख्या अपुग भएकाले पुनः तेस्रोपटक निर्वाचन प्रहरी भर्नाका लागि दरखास्त आह्वानको कार्यतालिका सार्वजनिक गरेको हो।

यसअघि नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालको संयुक्त कार्यविधि २०८२ अनुसार मुस्ताङमा निर्वाचन प्रहरी छनोट, नियुक्ति तथा परिचालनका लागि योग्यता पुगेका नेपाली नागरिकबाट एकीकृत रूपमा दुई पटकसम्म निर्वाचन प्रहरी भर्नाका लागि दरखास्त आह्वान गरिएको थियो।

जिल्ला प्रहरी कार्यालयले पहिलोपटक २५ पुसमा निर्वाचन प्रहरी भर्नाका लागि आवेदन खुला गरेको थियो। पुस २५ देखि माघ १ गतेसम्मको कार्यतालिका अवधिमा आवश्यक माग संख्या अपुग भएपछि पुनः दुई दिनको म्याद थप गरेको थियो। निर्वाचन सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालयले २६६ जना र सशस्त्र प्रहरी बल नेपालले ४६ गरी ३१२ जना निर्वाचन प्रहरीको माग गरी दरखास्त खुलाइएको थियो।

दोस्रोपटक म्याद थप भई छनोट प्रक्रिया सकिँदा २९० जना व्यक्तिमात्रै सम्पर्कमा आएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए। आवेदन दिएकामध्ये केही छनोट प्रक्रियामा अनुत्तीर्ण भएका र कतिपय सम्पर्कमै नआउँदा संख्या नपुगेकाले थप दुई दिनको म्याद थप्नुपरेको उनको भनाइ छ।

जिल्लामा निर्वाचन प्रहरीमा भर्ना हुनका लागि मुस्ताङसहित जिल्लाबाहिरका उल्लेख्य व्यक्ति मुस्ताङ आएको बताए। निर्वाचन प्रहरी भर्ना हुनेमध्ये ८० प्रतिशत व्यक्ति जिल्लाबाहिरका रहेको प्रहरी निरीक्षक बस्यालको भनाइ छ। भर्ना हुनेमा अधिकांश सडक, कृषि र होटल मजदुर रहेको उनको भनाइ छ। निर्वाचन सुरक्षाका लागि छनोट गरिएका निर्वाचन प्रहरीलाई आवश्यक प्रक्रिया पूरा गरी नियुक्ति प्रदान गरिने र त्यसपछि माघ १५ देखि २५ गतेसम्म शारीरिक प्रशिक्षण तालिम सञ्चालन गरिने जनाइएको छ।


**१०+२ को माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८२।०७।१० गते साँखुबाट ईन्द्रायणीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको १०+२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**नाम :** शान्ता गौतम
**रजिस्ट्रेसन.नं.:** ६७३०१२०३७
**सिम्बोल नं.:** २७७०२२९४
**बर्ष :** वि.स. २०६८
**ठेगाना :** कागेश्वरी मनोहरा-१, काठमाडौं
**सम्पर्कः :** ९८५१२४१७९६



**Aathrai trbeni Rural Municipality**

**Office of Rural Municipal Executive**

**Hangpang, Taplejung**

**Koshi Province, Nepal**

**Notice of Intention To Accept Bids**

**(Date of Publication: 2082/10/12)**

Pursuant to clause 27, sub clause 2 and 3 of Public Procurement Act-2063, all the concerned bidders,who has participated in the bidding as per notice published on "Prabhab Rastriya Dainik" newspaper on 2082/09/16, are notified that it is our Intention to Accept the bids for the contract pacakages as provided in the table below.

| S. No. | Contract Identification No. | Qualified Bidder | Bid Amount With VAT and PS (NRS) |
|---|---|---|---|
| 1. | ATRM/SQ/ SUPPLY/02/82/83 | M.A. Group of company pvt.ltd. Mid Baneshwor-21, Kathmandu. | 9,69,636.05 |

**Act.Chief Administrative Officer**

## रूपशाला

### न्यापर भ्योमा र श्वेताले गरे इन्गेजमेन्ट

न्यापर भ्योमाले प्रेमिका श्वेता मिश्रसँग इन्गेजमेन्ट गरेका छन् । जसको जानकारी उनले सामाजिक सञ्जाल मार्फत दिएका हुन् । जसमा उनले आफूहरूले सधैंभरि साथ रहने वाचा गर्दै इन्गेजमेन्ट गरेको उल्लेख गरेका छन् । 'हाम्रो यात्रा सन् २०२० मा एउटा सामान्य 'इन्स्टाग्राम स्टोरी' को रिप्लाईबाट सुरु भएको थियो, तर हामीलाई थाहा थिएन कि यसले हाम्रो जिन्दगी नै बदलिदिनेछ', उनी अगाडि भन्छन् 'लामो दूरीको सम्बन्धदेखि अहिलेसम्म आइपुग्दा हामीले धेरै उतारचढाव, सङ्घर्ष र चुनौतीहरू देख्यौं ।' अहिलेसम्मको यात्राको लागि धेरै खुसी रहेको बताउँदै उनले हरेक मोडमा आफूहरूले एकअर्कालाई रोज्यौं र सम्बन्ध झन् बलियो हुँदै गएको समेत बताएका छन् ।



# 'पाँच पाण्डव'मा डल्बी साउण्ड



■ प्रभाव संवाददाता

काठमाडौं – चलचित्र 'पाँच पाण्डव'मा दर्शकले फूल डल्बी एट्मस साउन्डको अनुभव गर्न पाउने भएका छन् । म्युजिक नेपालले भर्खरै मात्र नेपालमै सञ्चालनमा ल्याएको डल्बी एट्मस साउन्ड स्टुडियोमा 'पाँच पाण्डव'को साउन्डको काम हुने भएको छ । 'पाँच पाण्डव' नेपालकै पहिलो डल्बी एट्मस साउन्ड स्टुडियोमा साउन्डको काम गर्ने फर्स्ट सिनेमा हुनेछ । निर्माणपक्षले पूरै साउन्डको काम डल्बी एटमसमा हुने बताएको छ ।

'हामीले डल्बी एट्मसका लागि स्टुडियोसँग सम्झौता गरिसकेका छौं,' पाँच पाण्डवका प्रस्तुतकर्ता नवीन श्रेष्ठले भने, 'हामी हाम्रा दर्शकलाई साउन्डको फरक टेस्टसहितको प्राविधिक रूपमा पनि अब्बल सिनेमा दिने छौं ।'

यसका लागि डल्बी एट्मस स्टुडियोका सञ्चालक सन्तोष शर्मासँग कागजी सम्झौता गरिसकेको उनले जानकारी दिए । सम्झौता गर्दा 'पाँच पाण्डव'का मुख्य कलाकार हरिवंश आचार्य र निर्देशक वसन्त निरौलाको पनि उपस्थिथि रहेको थियो ।

साउन्डमा कम्प्रमाइज नगरेजस्तै अन्य कुनै पनि कुरामा आफूले चलचित्र निर्माणमा कम्प्रमाइज नगर्ने नवीन बताउँछन् । चलचित्र 'पाँच पाण्डव'को शुभमुहूर्त भइसकेको छ । वसन्त निरौलाले निर्देशन गर्ने चलचित्रमा हरिवंश आचार्यसँगै जितु नेपाल, सागर लम्साल (बले)लगायतका कलाकारको अभिनय रहनेछ ।

चलचित्र नाम अनुसारकै धार्मिक नभएर सोसल ड्रामा भएको निर्माणपक्षले प्रष्ट पारेको छ । 'पाँच पाण्डव'को महिला पात्रमा दीपाश्री निरौला र रजनी गुरुङ रहने छन् । काली रानी फिल्मस्को प्रस्तुतिमा निर्माण हुने यो चलचित्रको कथा सुशील पौडेलले लेखेका छन् । पटकथा तथा संवाद पनि उनकै रहेको छ । पौडेल चर्चित सिनेमा 'प्रसाद'का लेखक समेत हुन् ।

नवीन श्रेष्ठ प्रस्तुतकर्ता रहने चलचित्रको निर्माता काली रानी श्रेष्ठ हुन् । केही महिनाभित्र छायाकंन सुरु गरिने चलचित्रको प्रोडक्सन म्यानेजरमा दिलिप पन्त रहेका छन् ।

# कृषाको 'पारस'मा जसिता गुरूङको दमदार इन्ट्री

■ प्रभाव संवाददाता

काठमाडौं - निर्देशक कृषा चौलागाईंको निर्देशनमा निर्माण हुन लागेको फिल्म 'पारस'का लागि अभिनेत्री जसिता गुरुङ अनुबन्धित भएकी छन् । उनलाई निर्माण पक्षले शनिबार 'पारस'का लागि अनुबन्ध गरेको हो ।

यसअघि निर्माण पक्षले अभिनेता निखिल उप्रेतीलाई अनुबन्ध गरेको समाचार बाहिरिएको थियो । जसिताको अपोजिटमा निखिल उप्रेती हुने चर्चा छ। तर निर्माण पक्षले आधारिक रूपमा सार्वजनिक गरेको छैन । किन फिल्मका कलाकारहरूलाई जसिताले लुकाई रहेकी छन्? यस फिल्मका अन्य कलाकारहरू को-को हुनेछन् भन्ने बारेमा निर्माण टिमले जानकारी दिएको छैन । तर, यस फिल्ममा निखिल उप्रेती अनुबन्ध भएसँगै दर्शकमाझ कौतुहलता पैदा भइरहेको छ ।

एक्सन तथा सामाजिक कथामा आधारित यस फिल्ममा निखिल र जसितालाई दर्शकले मन पराउने छन् । यस बाहेक अन्य कलाकार को-को हुनेछन् ? त्यो भने निर्माण पक्षले बिस्तारै जानकारी दिने नै छ होला? तर निखिल र जसिताको जोडीले दर्शकमाझ फरक टेष्ट भने पक्कै दिनेछ ।

दुवै पक्षबीच फिल्मका लागि कागजी सम्झौता भएको निर्देशक चौलागाईंले बताईन्। उनले भनिन्,'फिल्मको कथा अनुसार नै कलाकार फाइनल गर्दै लगेका छौं ।'

केपी फिल्म्सको ब्यानरमा निर्माण हुने यस फिल्मलाई भारतीय पटकथाकार सचिन लादियाले लेखेका छन् । यस फिल्मलाई चर्चित छायांकार (डीओपी) पुरुषोत्तम प्रधानले गर्नेछन् । यसअघि कृषाले 'ऐचो पैचो' र 'पिताम्बर' निर्देशन गरिसकेकी छन् भने उनको निर्देशकिय यो फिल्म तेस्रो हुनेछ। फिल्मको सुटिङ आगामी फागुनबाट फ्लोरमा जाने निर्माण पक्षको तयारी छ ।

## रंगशाला

# पूर्णिमा र मीनालाई समेट्दै प्रारम्भिक नेपाली यु-२० टोली घोषणा

■ प्रभाव संवाददाता



काठमाडौं- अखिल नेपाल फुटबल संघ (एन्फा) ले चीन युनान महिला टोलीविरुद्ध हुने मैत्रीपूर्ण खेलका लागि ३० सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको छ ।

उक्त टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी यमप्रसाद गुरुङलाई दिइएको छ । नेपाल र चीन युनान युथ महिला टोलीबीचको मैत्रीपूर्ण खेल जनवरी ३१ मा त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आयोजना हुने तय छ ।

टोलीमा गुरुङले बंगलादेशमा भएको साफ महिला यु-२० मा नेपाललाई उपविजेता बनाउने प्रायः खेलाडीलाई निरन्तरता दिएका छन् । सर्वाधिक १० गोल गरेकी पूर्णिमा र ७ गोल गरेकी मीनाले पनि आफ्नो स्थान बनाएकी छन् ।

**प्रारम्भिक टोली** (३० खेलाडी):

